# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट
# आ.व.२०८०/०८१ मा सञ्चालन हुने महिला, बालबालिका र समाज कल्याण तर्फका
# स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०
# (मन्त्रालय तर्फ र सामाजिक विकास कार्यालय तर्फ)

*मा.मन्त्रीस्तरबाट स्वीकृत मिति-२०८०/०७/१७*

गण्डकी प्रदेश सरकार

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

पोखरा, नेपाल

## विषय सूची


खण्डः एक ........ १

परिचय तथा उद्देश्य ........ १

१.१ परिचयः ........ १

१.२ उद्देश्यः ........ १

१.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : ........ १

१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ........ १

खण्डः दुई ........ ३

वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ........ ३

२.१ मन्त्रालय तर्फ (चालु कार्यक्रम) ........ ३

२.१.१ सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम संचालन ........ ३

२.१.२ लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा सञ्चालन ........ ५

२.१.३ प्रदेश बाल उद्धार कोष स्थापना तथा संचालन ........ ६

२.१.४ हिंसापीडित महिला तथा बालबालिकाको लागि पुनर्स्थापनाकेन्द्रको पूर्वाधार निर्माणमा अनुदान ........ ७

२.१.५ आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम ........ ८

२.१.६ सामाजिक क्षेत्रको सचेतनामूलक सामग्रीहरु प्रकाशन ........ १०

२.१.७ सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम ........ ११

२.१.८ न्यायमा पहुँच अभिवृद्धिका लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय संजालका सदस्यहरुसँग परामर्श कार्यशाला ........ १२

२.१.१० संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक तथा समिति वैठक व्यवस्थापन ........ १४

२.१.११ प्रदेश बालअधिकार समिति र बालपरिषद्को अभिमुखिकरण तथा वैठक व्यवस्थापन (पुनर्गठनसमेत) ........ १५

२.१.१२ थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति (माझी, मुसहर, चेपाङ, कुसुण्डा, दराई, कुमाल, बोटे, वराम, छन्त्याल लगायत) का समुदायको आर्थिक सशक्तीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रम ........ १६

२.१.१३ प्रादेशिक दीर्घकालिन पुनर्स्थापना केन्द्रको संचालन निरन्तरता (पोखरा ३३) ........ १७

२.१.१४ सक्षम महिला समानान्तर पाइला कार्यक्रम ........ १८

२.१.१५ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा संचालन अनुदान ........ २१

२.१.१७ लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा सञ्चालन ........ २५

२.१.१८ हिंसा प्रभावितहरुका लागि तत्काल उद्धार समन्वय संजाल वैठक ........ २७

२.१.१९मन्त्रालयमा रहेको अपाङ्गता सहायताकक्ष (Help desk)तथा सूचनाकेन्द्र सञ्चालन निरन्तरता ........ २८

२.१.२० प्रदेश आपत्कालिन उद्दार कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)........................................ ३०
२.१.२२ प्रदेश स्तरीय अपाङ्गता निर्देशन समिति बैठक सञ्चालन........................................ ३३
२.१.२३ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन........................................ ३४
२.१.२४ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन,नियम, निर्देशिका,मापदण्ड र कार्यविधि तर्जुमा. ३६
२.१.२५ अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम........................................ ३७
२.१.२६ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण........................................ ३८
२.१.२७ महिला तथा बालबालिका कार्यालयबाट प्रवर्द्धित उत्कृष्ट महिलासहकारीसंस्था पुरस्कार तथा सम्मान. ३९
२.१.२८ बाल प्रतिभा छनौट अन्तर्गत प्रदेशस्तरिय वक्तृत्वकला प्रतियोगिता संचालन तथा पुरस्कार वितरण.... ४१
२.१.२९ द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम........................................ ४२
२.१.३१ गै.स.स.द्वारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण, नियमन र निर्देशिका तयारी समेत...... ४५
२.१.३२ महिला डिजिटल साक्षरता एवं रुपान्तरणकारी नेतृत्व विकास कार्यक्रम........................ ४६
२.१.३३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्कव्यक्ति समन्वय समिति बैठक संचालन४७
२.१.३४ पिछडिएका विपन्न वर्गका गृहिणी महिलाहरुको आर्थिक सशक्तीकरणका लागि प्रोत्साहन कार्यक्रम... ४८
२.१.३५ उत्कृष्ट महिला सहयोग कार्यक्रम........................................ ५०
२.१.३६ स्थानीय तहको साझेदारीमा शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेशकेन्द्रमा).... ५१
२.१.३७ पत्रकारहरुको क्षमता अभिबृद्धि कार्यक्रम........................................ ५२
मन्त्रालय तर्फ (पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु)........................................ ५३
२.१.३८ सामुदायिक भवन मर्मत सम्भार........................................ ५३

२.२ सामाजिक विकास कार्यालय तर्फ........................................................................................ ५५
२.२.१ मानव सेवा आश्रमको पूर्वाधार विकास............................................................................ ५५
२.२.२ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री वितरण................................................ ५७
२.२.३ ज्येष्ठ नागरिकमा रहेको ज्ञान सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण ....................................... ५८
२.२.४ सामाजिक कुरीति विरुद्ध अभियान संचालन (लैङ्गिकहिंसा, बालविवाह, दाइजोप्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण) .......... ५९
२.२.५ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन .......................................................... ६१
२.२.७ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान...... ६३
२.२.८ बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम............................................ ६४
२.२.९ जिल्ला बाल अधिकार समिति/जिल्ला बाल संजालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण ........................................................................................................ ६५
२.२.१० महिला, बाल, ज्येष्ठ नागरिक अपाङ्गता आदी दिवसीय कार्यक्रम.......................................... ६६
२.२.११ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR)...... ६७
२.२.१२ सडक मानव पहिचान तथा व्यवस्थापनका लागि मानव सेवा आश्रम (बाग्लुङ/गोरखा/कास्की/लमजुङ) लाई अनुदान........................................................................................................ ६९
२.२.१३ स्थानीय तहसंगको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता (कावासोती न.पा./गोरखा न.पा./वेशीसहर न.पा./पुतलीबजार न.पा./ कुश्मा न.पा./बाग्लुङ न.पा./बेनी न.पा./व्यास न.पा.)........................................................................ ७१
२.२.१४ एकल महिलाहरुको लागि नेतृत्व विकास कार्यक्रम ........................................................ ७३
२.२.१५ दलित महिलाहरुको लागि नेतृत्व विकास कार्यक्रम ........................................................ ७४
२.२.१६ सडक मानव व्यवस्थापन उद्धार राहतका लागि सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम... ७५
२.२.१७ किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम ९ जिल्ला .................................................. ७६
२.२.१८ जिल्ला बाल संजाल वैठक र जिल्ला बाल अधिकार समिति गठन तथा परिचालन............ ७७
२.२.१९ मिडियासँग सामाजिक विकास कार्यक्रम ...................................................................... ७८
२.२.२० महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन........................................ ७९
२.२.२१ आपत्कालिन उद्धार कार्यक्रम ...................................................................................... ८१
२.२.२२ आत्महत्या रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन.............. ८३
२.२.२३ जिल्ला बाल सञ्जाल पुनर्गठन...................................................................................... ८४
२.२.२४ बाल हेल्पलाइन कास्कीलाई संचालन अनुदान ............................................................... ८५

अनुसूचीहरु............................................................................................................८७
अनुसूची-१ः ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरुको सञ्चालन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावको ढाँचा..............................................................................................८७
अनुसूची-२ः ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरुको सञ्चालन अनुदान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु...............................................................................८९
अनुसूची-३ः आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रमका लागि पेश गर्ने प्रस्तावको ढाँचा..............................................................................................९०
अनुसूची-४ः आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम प्रस्ताव मूल्याङ्कनका आधारहरु.....................................................................................................९२
अनुसूची-५ः सक्षम महिला समानान्तर पाइला कार्यक्रम संचालन व्यावसायिक योजनाको ढाँचा .........९३
अनुसूची-६ः सक्षम महिला समानान्तर पाइला कार्यक्रम संचालन सम्वन्धी योजनाको मूल्याङ्कनका आधार९४
अनुसूची -७ः ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने अनुदान प्राप्तिको लागि कार्यक्रम प्रस्तावको ढाँचा..............................................................................................९५
अनुसूची-८ः ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालनका लागि प्रस्ताव छनौटका आधारहरु ९७
अनुसूची-९ःआपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सिमा र आधार ..........................................................................................९८
अनुसूची-१०ः महिला सहकारी संस्थाहरुले पुरस्कारको लागि पेश गर्ने प्रस्तावको ढाँचा..................९९
अनुसूची-११ः महिला सहकारी संस्था मूल्याङ्कनका आधारहरु ................................................१०२
अनुसूची-१२ः सहिदपरिवार,वेपत्ता,घाइते,अपाङ्ग,द्वन्द्वपीडित र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रममा उद्यमी/व्यावसायीले पेश गर्ने व्यावसायिक योजनाको नमुना१०३
अनुसूची-१३ः सहिद परिवार, वेपत्ता, घाइते, अपाङ्ग, द्वन्द्वपीडित र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम मूल्याङ्कनका आधारहरु........................................१०४
अनुसूची-१४ः पिछडिएका विपन्न वर्गका गृहिणी महिलाहरुको आर्थिक सशक्तीकरणका लागि प्रोत्साहन कार्यक्रम संचालन व्यावसायिक योजनाको ढाँचा ........................................................१०५
अनुसूची-१५ः उत्कृष्ट महिला सहयोग कार्यक्रम संचालनको दिइने निवेदनको ढाँचा......................१०७
अनुसूची-१६ः सामुदायिक भवन मर्मतसम्भारका लागि अनुदान प्राप्ती गर्न कार्यक्रम प्रस्तावको ढाँचा.१०८
अनुसूची-१७ः सामुदायिक भवन मर्मत संभार सम्बन्धी छनौटका आधारहरु...............................१०९
अनुसूची-१८ः अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालनका लागि इच्छुक संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा .......................................................११०
अनुसूची-१९ः अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु...................................................................११२
अनुसूची-२०ः महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन लागि आवदेन फाराम ढाँचा.....११३
अनुसूची-२१ः महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन लागि खर्च गर्ने आधारहरु११४

## खण्डः एक
## परिचय तथा उद्देश्य

### १.१ परिचयः

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले समाजका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द पीडित, सहिद वेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, सिमान्तकृत तथा लोपोन्मुख, पिछडिएका वर्ग तथा विपन्न गृहिणीहरुको हक अधिकार सुनिश्चित गर्नको लागि आर्थिक सशक्तिकरणको साथै लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता, मानवीय सेवा, बालमैत्री शासन, जेष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्र व्यवस्थापन र सामाजिक विकृति एवं कुरिती विरुद्धको सचेतना अभिबृद्धि गर्ने विविध कार्यक्रम उनीहरुकै प्रत्यक्ष सहभागितामा संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।

प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ ले समेत महिला, बालवालिका तथा समाज कल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि विविध कार्यक्रम संचालन प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि गण्डकी प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०७७ को दफा ४० अनुसार मन्त्रालयले बार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि वमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रिस्तरिय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने प्रावधानको अधिनमा रही सामाजिक विकास तथा स्वास्थ मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सामाजिक विकास तर्फको बार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न गराउन यो **"वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८०"** स्वीकृत गरिएकोछ।

### १.२ उद्देश्यः

- आ.व.२०८०/०८१ को वार्षिक कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु ।

### १.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली; आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन-२०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली-२०७७; भ्रमण खर्च नियमावली-२०६४, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड-२०७९; गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको आ.व.२०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि-२०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ।

### १.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

१. यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ। कार्यान्वयनमा समन्वयकारी भूमिका निर्वाह जिम्मेवार कर्मचारीको हुनेछ।

२. कार्यक्रम शुरु गर्नु अघि कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोतव्यक्ति, सहजकर्ता, संचालन हुने मिति र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम संचालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

३. कार्यक्रम संचालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा संचालन गर्नु पर्नेछ ।

४. यस मापदण्ड अनुसार कार्यक्रम संचालन गर्दा मानव अधिकार घोषणा पत्र, महिला उपर हुने सवै प्रकारका भेदभाव विरुद्धको अभिसन्धि, वालवालिका सम्वन्धी महासन्धी, जनजाती सम्वन्धी महासन्धी, अन्तर्राष्ट्रिय अपाङ्गता सम्वन्धी महासन्धी, विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरु, वेइजिङ प्लसफाइभ र महिलाका बाह्र सरोकारका क्षेत्रहरु, अन्तर्राष्ट्रिय श्रम संगठनको व्यवस्था, नेपालको संविधान, गण्डकी प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित कानुन, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग समेतबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

५. कार्यक्रम संचालन गर्दा तोकिएको चौमासिक भित्रै संचालन गर्नु पर्नेछ ।

६. यस आर्थिक बर्षको आर्थिक दायित्व आगामी बर्षमा सर्ने गरी कार्यक्रम संचालन गरिने छैन।

७. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।

८. गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०८०/०८१ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ समेत अनुसरण गर्नुपर्नेछ ।

९. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड-२०७९, भ्रमण खर्च नियमावली २०६४ को परिधी भित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ ।

१०. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र वित्तीय प्रगति मासिक रूपमा र भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

११. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१२. यस मापदण्डमा उल्लिखित कार्यक्रमहरुमा बजेट थपघट भएमा यसै मापदण्ड बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

१३. प्रचलित कानूनसंग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

*नोटः प्रचलित आर्थिक ऐन, नियम र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।*

## खण्डः दुई
## वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

### २.१ मन्त्रालय तर्फ (चालु कार्यक्रम)

### २.१.१ सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | ५००० | पहिलो र दोस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | ज्येष्ठ नागरिकहरु मानवीय दिनचर्याको लामो अनुभव वोकेका परम्परागत ज्ञान, सिप र कलाका प्रमुख स्रोतहरु हुन । उनीहरुको भूमिका समाजको उन्नति प्रगतिको लागि अति उपयोगी हुन्छ । ज्येष्ठ नागरिकहरुलाई सहज, मर्यादित तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमको संचालन अनुदान (खाद्यान्न, लत्ताकपडा, स्वास्थ्योपचार तथा अत्यावश्यक सामाग्रीहरु जस्तैः वासिङ मेशिन, वाटर डिस्पेन्सर, पंखा, भाँडाकुँडा इत्यादी) उपलब्ध गराउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ । | | | |
| २. कार्यक्रमको उद्देश्य | आश्रित ज्येष्ठ नागरिकहरुको सम्मानपूर्ण जीवनयापनमा सहजता ल्याउने । | | | |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च ।<br>• आश्रम संचालन र संस्थागत विकास खर्च । | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सूचना जारी गरी संस्थाहरुबाट प्रस्ताव माग गर्ने । प्रस्ताव साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।<br>• अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र<br>• संस्थाको विधानको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र र<br>• गत वर्षको करचुक्ता पत्र<br>• जग्गा/भवन भए भोगाधिकार/लालपुर्जा/भाडा करार संझौता<br>• आश्रमको कार्यानुभव<br>• आश्रमको गत आ.व.को बार्षिक प्रगति र आय व्यय अडिट प्रतवेदन<br>• सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयको सिफारिस<br>• योजनाको लागत अनुमान | | | |

| | |
|---|---|
| | (ख) माग निवेदन/प्रस्ताव संकलन, मूल्याङ्कन र छनौटः प्रस्ताव मूल्याङ्न र सिफारिसका लागि देहाय वमोजिमको समिति रहनेछ । समितिले प्रस्तावहरु अनुसूची २ बमोजिमको आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>प्रशासन महाशाखा अधिकृत प्रतिनिधि - सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सचिवले तोकेको मन्त्रालयका अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>(ग) सम्झौता र कार्यक्रम कार्यान्वयन।<br>(घ) अनुगमन तथा निरीक्षण |
| ६. अपेक्षित प्रतिफल | • ज्येष्ठ नागरिक आश्रम संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ<br>• आश्रित नागरिकहरुको मर्यादित जीवनयापनमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • संस्थाले मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपी<br>• खर्चका विल भरपाईहरु (सामग्री खरिदको हकमा खरिद आदेश र दाखिला प्रतिवेदन समेत),<br>• स्थानीय तहबाट भुक्तानीको सिफारिस पत्र<br>• संस्थाको खर्च अनुमोदन र भुक्तानी सिफारिस सम्बन्धी वैठकको निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन ।<br>• भुक्तानी माग निवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

### २.१.२ लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
| --- | --- | --- | --- | --- |
| २८९११ | पटक | १ | ५०० | पहिलो दोस्रो तेस्रो र चौथो |

| शीर्षक | विवरण |
| --- | --- |
| १. पृष्ठभूमि | प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारसँग गाँसिएर वा घर परिवार वाहिर हुने हिंसाजन्य कार्यलाई दण्डनिय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न लैङ्गिक हिंसा र घरेलु हिंसाबाट पीडित र प्रभावित व्यक्तिलाई उचित संरक्षण सहित न्याय प्रदान गर्न आवश्यक भएकोले लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी संचालनमा ल्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको उचित संरक्षण तथा न्याय प्राप्तिमा सहजता ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | कार्यविधि/निर्देशिका छपाई र सोमा व्यवस्था भए बमोजिमका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधि/निर्देशिकाको मस्यौदा तयारी परामर्श तथा छलफल<br>• कार्यविधि/निर्देशिका मस्यौदा छपाई ।<br>• कार्यविधि/निर्देशिका तर्जुमा गरी सोही बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिने ।<br>• कार्यक्रम अनुगमन |
| ६. अपेक्षित प्रतिफल | • लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा सञ्चालन भै लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको उचित संरक्षण तथा न्याय प्राप्तिमा सहज भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/निर्देशिकामा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३ प्रदेश बाल उद्धार कोष स्थापना तथा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २८९११ | पटक | १ | ५०० | पहिलो दोस्रो तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बालबालिकाको बाँच्न पाउने र संरक्षणको अधिकारलाई केन्द्रमा राखि प्राकृतिक विपद, दुर्घटना, द्वन्द्व लगायत आपत्कालिन अवस्थामा रहेका वा त्यस्तो अवस्थाको कारण जोखिममा परेका तथा विशेष संरक्षणको खाँचो भएका बालबालिकाकाको संरक्षण गरी उनीहरुको हकहितको प्रवर्द्धन गरी शारीरिक, मानसिक, वौद्धिक, संवेगात्मक विकासमा सहयोग पुऱ्याई बाल अधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि प्रदेशस्तरमा कोष स्थापना तथा संचालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु र<br>• कार्यविधि/निर्देशिकामा व्यवस्था भए बमोजिमका खर्चहरु। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम/ निर्देशिका बारे समन्वय तथा छलफल<br>• कार्यविधि/निर्देशिकाको तयारी र छपाई<br>• स्विकृति कार्यविधि/निर्देशिकामा व्यवस्था भए बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिने ।<br>• अनुगमन |
| ६. अपेक्षित प्रतिफल | • संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/निर्देशिकामा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.४ हिंसापीडित महिला तथा बालबालिकाको लागि पुनर्स्थापनाकेन्द्रको पूर्वाधार निर्माणमा अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२३ | पटक | १ | ५००० | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा पीडित एवं प्रभावितहरुको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुऱ्याई एकीकृत सेवा प्रदान गर्न आवश्यक भएकोले सो सम्बन्धमा पोखरा महानगरपालिका वडा नं. ३३ मा निर्माणाधीन रहेको भवनको पूर्वाधार विकास (गेट, गार्ड घर, प्रतिक्षालय, तालिम हल तथा अन्य) निर्माणको कार्यलाई अगाडी वढाउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणको कार्य गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र पोखरा महानगरपालिका |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु<br>• पूर्वाधार विकास संरचना निर्माण एवं संक्षणका कार्यहरु संचालन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक संचालन<br>• लागत ईष्टिमेट तयारी र स्विकृति ।<br>• प्रचलित ऐन नियमको प्रक्रिया पूरा गरी निर्माण कार्य संचालन ।<br>• अनुगमन तथा निरीक्षण । |
| ६. अपेक्षित प्रतिफल | • पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणको कार्य भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/मापदण्डमा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय तथा पोखरा महानगरपालिका |

## २.१.५ आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | १५०० | पहिलो र दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | आमा समूहहरुले विभिन्न सामाजिक विकृतिहरु रोक्नुका साथै समाज सुधारको कार्यहरु समेत गर्दछन् । आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा सकारात्मक तथा रचनात्मक परिवर्तनका लागि यस्ता समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | आमा समूहहरुको सशक्तीकरण एवं संस्थागत सुदृढिकरणमा सहयोग गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सम्वन्धित आमा समूहहरु |
| ४. बजेट बाँडफाँट | आमा समूहहरुको फर्निचर तथा फर्निसिङका सामाग्रीहरु (कुर्ची, टेवल, दराज, कार्पेट, विजुली, रङरोगन इत्यादी), भाँडाकुडा, साइनवोर्ड, माइक, पंखा, रेकर्ड रजिष्टरहरु तथा कार्यालय व्यवस्थापनका लागि अन्य आवश्यक सामग्रीहरु व्यवस्थापन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने ।<br>• आमा समूहहरुले देहायका कागजातहरु सहित प्रस्ताव पेश गर्नु पर्नेछ।<br>➢ अनुसूची ३ बमोजिमको प्रस्ताव<br>➢ समूहको योजना माग सम्वन्धी वैठकको निर्णय<br>➢ दर्ता प्रमाण पत्र<br>➢ समूहको विधानको प्रतिलिपी<br>➢ जग्गा भवन भए जग्गाको पुर्जा वा भोगाधिकारको प्रमाण<br>➢ कार्यानुभव (अवधी र हालसम्म गरेका सामाजिक कार्यहरुको मुख्य मुख्य विवरणहरु)<br>➢ सम्बन्धित स्थानीय तहको सिफारिस<br>• माग निवेदन संकलन, मूल्याङ्कन र छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ। समितिले संकलित प्रस्तावहरु अनुसूची ४ बमोजिमको आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>प्रशासन महाशाखा अधिकृत प्रतिनिधि - सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य |

| | |
|---|---|
| | सचिवले तोकेको मन्त्रालयका अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>• गत आर्थिक वर्षमा मन्त्रालयबाट सहयोग पाएका आमा समूहहरुको प्रस्ताव मूल्याङ्कन गरिने छैन ।<br>• कार्यक्रम कार्यान्वयन सम्झौता गर्ने<br>• कार्यक्रम कार्यान्वयन<br>• अनुगमन तथा निरीक्षण |
| ६. अपेक्षित प्रतिफल | आमा समूहको सशक्तीकरण र संस्थागत सुदृढिकरणमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | सम्झौता अनुसारका सामग्रीहरु खरिद गरी मन्त्रालयमा रकम भुक्तानीको लागि कागजातहरु पेश गर्दा अन्य कुराका अतिरिक्त देहायका कागजातहरु पेश गर्नुपर्नेछः<br>• फर्निचर एवं फर्निसिङका सामाग्रीहरु र अन्य सामान खरिदको विलहरु।<br>• खर्च अनुमोदन गरेको वैठकको प्रतिलिपी<br>• सम्वन्धित स्थानीय तहबाट कार्य सम्पन्नताको पत्र<br>• खरिद गरिएका सामग्रीमा मन्त्रालयबाट अनुदान प्राप्त लेखि टाँसिएको स्टिकर समेत देखिने गरी रंगीन फोटोहरु<br>• रकम भुक्तानीको लागि निवेदन (वैंक खाताको विवरण समेत) |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

### २.१.६ सामाजिक क्षेत्रको सचेतनामूलक सामग्रीहरु प्रकाशन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २०० | तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सामाजिक विकास तर्फको कार्यक्षेत्र अन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक पर्दछन्। उल्लेखित क्षेत्रसँग सम्बन्धित रहेर वनेका नीति, ऐन, कानून जस्ता दस्तावेजहरुलाई आधार बनाएर सन्देशमूलक एवम् सचेतनामूलक सामग्रीको रुपमा ब्रोसर तथा क्यालेन्डर इत्यादी प्रकाशन गरी सचेतना प्रवाह गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | नागरिकको सामाजिक हक, अधिकार र उत्तरदायित्वसँग सम्बन्धित तथा सामाजिक अपराध, विसंगति एवं कुरीति विरुद्ध सचेतनामूलक सामग्रीहरु उत्पादन र प्रचार प्रसार गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | सामग्रीहरु तयारी, छपाई, उत्पादन, प्रशारण तथा वितरण |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ समन्वयात्मक वैठक संचालन<br>➢ सम्बन्धित पक्ष/निकायसँग राय परामर्श संकलन<br>➢ सामग्री संकलन तथा उत्पादन (ब्रोसर/ पर्चा/ होर्डिङ वोर्ड/ श्रव्य दृष्य सामग्री/ प्रविधिमैत्री सामग्री/जिंगल/अनलाईन सामग्री आदी ) |
| ६. अपेक्षित प्रतिफल | • सामाजिक सचेतनामूलक सामाग्रीको उत्पादन, प्रकाशन र वितरणले नागरिक सचेतना अभिबृद्धिमा टेवा पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ सामग्री उत्पादन, प्रकाशन र वितरणसम्मका खर्चका विल भर्पाईहरु<br>➢ उत्पादन भएका सामग्रीहरु १/१ प्रति<br>➢ भुक्तानी माग निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.७ सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मुलुक संघियतामा गएसँगै हरेक प्रदेशमा सामाजिक विकासको क्षेत्र हेर्ने गरी ७ वटै प्रदेशमा मन्त्रालयहरु स्थापना भएका छन् । यसै सन्दर्भमा विभिन्न प्रदेशमा सामाजिक विकासका क्षेत्रमा भए गरेका कार्यहरुको अन्तरप्रदेश अनुभव आदान प्रदान गरी राम्रा उपलब्धी र सिकाइहरुलाई उपयोग गरी हालको कार्यक्रम कार्यान्वयनलाई सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तरप्रदेश अनुभव आदान प्रदान गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कर्मचारी/पदाधिकारीहरुको दैनिक भ्रमण खर्च, सवारी साधन वापत लाग्ने भाडा तथा इन्धन वापतको खर्च, खाजा खर्च, स्टेशनरी, व्यानर, सहजिकरण वापतको खर्च, प्राथमिक किट वक्स तथा विविध खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ भ्रमण कार्यक्रमको अवधारणा पत्र तयारी<br>➢ सहभागी छनौट<br>➢ भ्रमण स्थान र मिति कार्यतालिका तयारी<br>➢ भ्रमणमा छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ भ्रमणको समिक्षा<br>➢ भ्रमण प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकासको क्षेत्रमा अन्तरप्रदेश अनुभव आदान प्रदान भै काम काज संचालनमा सहज भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ भ्रमण सम्बन्धी खर्च भएका विल भर्पाईहरु<br>➢ महत्वपूर्ण सिकाई समेतको भ्रमण प्रतिवेदन<br>➢ भुक्तानी माग निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.८ न्यायमा पहुँच अभिवृद्धिका लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय संजालका सदस्यहरुसँग परामर्श कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २०० | दोस्रो / तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुऱ्याई न्याय प्राप्तिको अनुभूति दिलाउने प्रयास स्वरुप तत्काल उद्धार समन्वय संजालका पदाधिकारी तथा महिला कानुनी अधिवक्ताहरुसँग आवश्यक छलफल गरी पैरवीका भावी रणनीति समेत तय गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित एवं प्रभावितहरुको न्यायमा पहुँच अभिवृद्धि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, स्टेशनरी लगायतका प्रशिक्षण सामग्री, सहजिकरण र यातायात, दैनिक भ्रमण खर्च लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ समन्वयात्मक वैठक<br>➢ कार्यक्रम संचालनको लागि प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ सहभागी छनौट<br>➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ कार्यशाला छलफल तथा अन्तरकृया गर्ने विषयहरुको तयारी<br>➢ कार्यशाला संचालन<br>➢ प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | महिला अधिवक्ता र तत्काल उद्धार समन्वय संजालका सदस्यहरुको सहभागितामा संचालन हुने परामर्श कार्यशालाले लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ समन्वय वैठकका निर्णय समेतका कागजातहरु<br>➢ कार्यक्रम संचालन सम्बन्धी खर्चका विल भर्पाईहरु<br>➢ प्रतिवेदन<br>➢ रकम भुक्तानी माग निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.९ लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरकृया एवं समिक्षा कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ६०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुऱ्याई न्याय प्राप्तिको अनुभूति दिलाउने उद्देश्यले गण्डकी प्रदेशका बाग्लुङ, पर्वत, म्याग्दी, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा र नवलपुर जिल्लामा विगत वर्षहरुदेखि स्थानीय तहसँगको सहकार्यमा संचालन गरिएको अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी आगामी कार्यदिशा समेत तय गर्नका लागि ती निकायका प्रमुख, पदाधिकारी, प्रतिनिधिहरुको सहभागितामा अन्तर्क्रिया गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच र नियन्त्रणका लागि सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी सुधारका उपायहरु पहिल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सेवा केन्द्र संचालन गर्ने जिल्लाका सम्बन्धित स्थानीय तह/संस्था, सामाजिक विकास कार्यालय । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, स्टेशनरी लगायतको प्रशिक्षण सामग्री, सहजिकरण र यातायात, दैनिक भ्रमण खर्च लगातको विविध खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ समन्वयात्मक वैठक,<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ सहभागीहरु छनौट ।<br>➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ कार्यक्रम संचालन<br>➢ प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच अभिवृद्धिमा थप सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ कार्यक्रम संचालन सम्बन्धी खर्च भएका विलभर्पाईहरु<br>➢ प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१० संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक तथा समिति वैठक व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २०० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यक व्यक्तिहरुलाई विपद्ले पार्न सक्ने क्षतिको असरलाई न्यूनिकरण गरी उनीहरुको सहज जीवनयापनमा सहयोग पुऱ्याउने कार्यमा समन्वय गरी विपद्मा साझा रणनीति वनाई विपद् जोखिम न्यूनिकरण गर्ने उद्देश्यले तयार पारिएको संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अद्यावधिक गर्नुका साथै उक्त समितिको वैठक वस्ने प्रयोजनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरुलाई विपद्ले पुऱ्याउने जोखिम न्यूनिकरणको साझा रणनीति वनाई विपद् प्रतिकार्य योजना अद्यावधिक एवं कार्यान्वयन गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | ➢ कार्यक्रम संचालन तथा व्यवस्थापनसँग सम्बन्धित खर्च ।<br>➢ संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना तयारी र छपाई । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ संरक्षण विषयगत क्षेत्र वैठक संचालन<br>➢ अवधारणा पत्र तयारी<br>➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ कार्यक्रम संचालन<br>➢ कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • विपद् जोखिम न्यूनिकरणको साझा रणनिती तथा कार्यक्रम कार्यान्वयन भएको हुनेछ।<br>• विपद्ले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यकहरुमा पारेको क्षतिबाट वचाउन संरक्षणमा सहयोग पुगेको हुनेछ ।<br>• संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अद्यावधिक हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ कार्यक्रम संचालन सम्बन्धी खर्चका विल भर्पाईहरु<br>➢ अद्यावधिक गरिएको प्रतिकार्य योजना<br>➢ कार्यक्रम संचालन सम्बन्धी फोटो समेतको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.११ प्रदेश बालअधिकार समिति र बालपरिषद्को अभिमुखिकरण तथा वैठक व्यवस्थापन (पुनर्गठनसमेत)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नुका साथै प्रदेश बाल परिषद्को वैठक संचालन, पुनर्गठन तथा अभिमुखिकरण गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय बाल अधिकार समिति तथा प्रदेश बाल परिषद्को नियमित वैठक संचालन गर्नु ।<br>• प्रदेश बाल परिषद् पुनर्गठन गरी अभिमुखिकरण गर्नु ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, यातायात, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • जिल्ला बालअधिकार समिति तथा प्रदेश बाल परिषद्को छुट्टाछुट्टै वैठक संचालन<br>• प्रदेश बाल परिषद् पुनर्गठनको लागि जिल्ला स्थित सामाजिक विकास कार्यालय तथा बाल क्लव/ संजालका पदाधिकारीहरुसँग समन्वय<br>• प्रदेश बाल परिषद् पुनर्गठनको लागि स्थान, मिति र समय तय<br>• बाल परिषद् पुनर्गठन तथा अभिमुखिकरण<br>• प्रतिवेदन तयारी । |
| ६. अपेक्षित प्रतिफल | • प्रदेश बाल परिषद् पुनर्गठन गरी अभिमुखिकरण समेत गरिने ।<br>• बाल अधिकार सम्वन्धी बैठकहरुले गर्दा जल्दाबल्दा सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न सहयोग पुग्नेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठक तथा कार्यक्रम सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि लगायतका कार्यक्रम संचालन सम्बन्धमा तयार पारिएका कागजातहरु<br>• खर्चका बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सामाजिक विकास कार्यालयहरु |

**२.१.१२ थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति (माझी, मुसहर, चेपाङ, कुसुण्डा, दराई, कुमाल, बोटे, वराम, छन्त्याल लगायत) का समुदायको आर्थिक सशक्तीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्रका विभिन्न जिल्लामा वसोवास गर्ने थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति (माझी, मुसहर, चेपाङ, कुसुण्डा, दराई, कुमाल, बोटे, वराम, छन्त्याल लगायत) का समुदायको अवस्था विश्लेषण गरी उनीहरुको दैनिक जीवनयापनमा थप सहजता ल्याउनका लागि आवश्यकताका आधारमा आर्थिक सशक्तीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जातिका समुदायहरुको आर्थिक सशक्तीकरणका लागि सचेतीकरणमा टेवा पु-याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय तथा जिल्ला स्थित कार्यालयहरु |
| ४. बजेट वाँडफाँट | ➢ कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च ,<br>➢ लक्षित समुदायको मागमा आधारित उद्यमशीलता सम्बन्धी सीप तथा प्रविधी हस्तान्तरण लगायतका क्रियाकलाप संचालन खर्च। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम सम्वन्धी अवधारणा पत्र तयारी<br>• लक्षित वर्गको राष्ट्रिय तथ्याङ्कको आधारमा कार्यक्रमको एकिन गर्ने ।<br>• लक्षित समुदायको जिल्ला/प्रदेश स्थित संस्थाको सिफारिस समेत संलग्न रहेको माग निवेदन संकलन ।<br>• सरोकारवाला संस्था तथा समुदायसंग समन्वय एवं छलफल ।<br>• लक्षित समुदायको मागमा आधारित आर्थिक सशक्तिकरण र सचेतना अभिवृद्धि गर्ने क्रियाकलाप/प्रविधि हस्तान्तरण कार्यक्रमहरु संचालन।<br>• समिक्षा र प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जातिका समुदायहरुको आर्थिक सशक्तीकरण र सचेतीकरणमा टेवा पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु र कार्यक्रम सम्बन्धी खर्च भएका विल भर्पाईहरु<br>➢ प्रतिवेदन र भुक्तानीको लागि निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१३ प्रादेशिक दीर्घकालिन पुनर्स्थापना केन्द्रको संचालन निरन्तरता (पोखरा ३३)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३००० | दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा पीडित एवम् प्रभावितहरुको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, खाद्दान्न व्यवस्थापन, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुऱ्याई एकीकृत सेवा प्रदान गर्न आवश्यक भएकोले सो सम्बन्धमा पोखरा महानगरपालिका वडा नं. ३३ मा निर्माण भएको भवनमा केन्द्र संचालनको कार्यलाई अगाडी वढाउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रादेशिक दीर्घकालिन पुनर्स्थापना केन्द्रको संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| सहयोगी निकाय | पोखरा महानगरपालिका वा अन्तर्गत वार्ड कार्यालय साथै छनौट भएको संस्था |
| ४. बजेट बाँडफाँट | ➢ कार्यक्रम संचालन तथा व्यवस्थापन<br>➢ हिंसा पीडित एवम् प्रभावितहरुको तत्काल उद्धार खर्च<br>➢ अत्यावश्यक सेवा संचालन खर्च<br>➢ दैनिक उपभोग्य सामग्री व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम संचालन समन्वय र व्यवस्थापन<br>• निर्देशिका/कार्यविधि तयारी र सोही बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिने<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • पुनर्स्थापना केन्द्रको संचालन कार्य सुरुवात भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/निर्देशिका उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका विल भरपाईहरु<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१४ सक्षम महिला समानान्तर पाइला कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०००० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला वर्गको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरुलाई उद्यमी वन्नको लागि प्रोत्साहन गर्न र उद्यमीहरुको स्तरोन्नतीका लागि उद्यमशीलता विकासका लागि सहयोग प्रदान गरी सफल महिला उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउनु र महिलाहरुलाई उद्यमी वन्न अभिप्रेरित गर्ने गरी सिप हस्तान्तरण गर्नका लागि आवश्यकतानुसार सीपमूलक तालिमहरु समेत संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | (क) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि पूँजी र प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,<br>(ख) महिलाहरुको लागि सीप तथा व्यवसायिकता विकास तालिम संचालनमा सहयोग गर्नु।<br>(ग) रोजगार स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • महिलाको लागि सीपमूलक आयमूलक तालिम/ उध्यमशिलता/ प्रविधि हस्तान्तरण<br>• बजेट सिमाः कुल बजेटको ७४ प्रतिशतसम्म प्रविधि सहयोग, २४ प्रतिशतसम्म सीपमूलक तालिम संचालनका लागि र बाँकी २ प्रतिशत कार्यक्रम संचालन,व्यवस्थापन र अनुगमनका लागि खर्च गरिने।<br>➢ प्रविधि सहयोगको लागि प्रति उद्यमी वढीमा रु.दुई लाख<br>➢ सीपमूलक तालिम (स्थानीय कच्चा पदार्थमा आधारित कम्तीमा ५ दिन, कम्तीमा २० जना सहभागी हुनुपर्ने) संचालनको लागि वढीमा रु. दुई लाख पचास हजारसम्म उपलब्ध गराउने ।<br>• अनुगमन खर्च |
| ५ सञ्चालन गरिने क्रियाकलाप | **महिला उद्यमी सहयोग तर्फः**<br>१. माग संकलनको लागि सूचना प्रकाशन<br>२. माग निवेदन संकलनः प्रविधि हस्तान्तरणको लागि सम्बन्धित उद्यमी महिलाहरुबाट देहायका कागजात सहितको माग निवेदन संकलन |

गरिनेछ ।

- अनुसूची - ५ वमोजिमको ढाँचामा व्यवसायिक योजना
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,
- स्थायी लेखा नम्बर/मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,
- कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
- आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,
- आवश्यक प्रविधि/औजार/सामग्री

३. महिला उद्यमीले पेश गरेका व्यवसायिक योजना समेतका कागजातहरुको आधारमा उद्यमीको मूल्याङ्कन, छनौट तथा सिफारिसका लागि देहाय वमोजिमको समिति रहनेछ। समितिले अनुसूची-६ बमोजिमको आधारमा उद्यमीको मूल्याङ्न गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

सामाजिक विकास महाशाखा प्रमुख - संयोजक
प्रशासन तथा योजना महाशाखा प्रमुख - सदस्य
आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य
मन्त्रालयका कानून अधिकृत - सदस्य
सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव

*(नोटः समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।)*

४. महिला उद्यमीको छनौट, अभिमुखिकरण तथा सम्झौता
५. कार्यक्रम कार्यान्वय तथा अनुगमन

**महिला सिपमूलक तालिम संचालन तर्फः**

६. मन्त्रालयले सूचना मार्फत सीपमूलक तालिम संचालन गर्नको लागि विज्ञ सेवा प्रदायक संस्थाको सूचीकृत गर्ने ।
७. व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरु (पर्वत र कास्की) र गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान समेतको समन्वय र छलफलबाट तालिमका क्षेत्रहरु पहिचान गर्ने ।
८. तालिम मागको सूचना प्रकाशन गर्ने । तालिम लिन इच्छुक एकै भेगका पायक पर्ने कम्तिमा २० जना महिलाहरुले स्थानीय तहको सिफारिस साथ संयुक्त निवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/ सम्वन्धित सामाजिक विकास कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. निवेदन दिएका महिलाहरु मध्ये **मानव विकास सूचकांक** मा पछाडी

| | |
|---|---|
| | परेका पालिकाहरुलाई प्राथमिकता दिइनेछ ।<br>१०. चालु वर्ष महिला सशक्तिकरण तथा जीविकोपार्जनसंग सम्वन्धित अन्य कार्यक्रम उपलव्ध भैसकेका पालिकालाई यस कार्यक्रममा प्राथमिकता दिईने छैन । |
| ६. अपेक्षित प्रतिफल | • महिलाहरुको उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधिमा सहयोग पुगेको हुनेछ ।<br>• सीपमूलक तालिम संचालनको माध्यमबाट रोजगार, स्वरोजगार र महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | भुक्तानिको लागि पेश गर्नुपर्ने कागजातः<br><u>प्रविधि सहयोग तर्फ</u><br>• मन्त्रालयसँग भएको सम्झौताको प्रतिलिपी<br>• कोटेशन सम्बन्धी कागजातहरु<br>• सामान खरिद आदेश र दाखिलाको रजिष्टरको फोटोकपी<br>• स्थानीय तहको कार्य सम्पन्न सिफारिस<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• प्रतिवेदन र भुक्तानी माग निवेदन (वैंक खाता विवरण)<br><u>सीपमूलक तालिम संचालन तर्फ</u><br>• मन्त्रालय र सेवा प्रदायक संस्था विच भएको सम्झौता<br>• कार्यक्रम संचालन सम्बन्धी आवश्यक कागजातका साथै खर्चका विल भर्पाईहरु<br>• खर्च अनुमोदन गर्ने संस्थाको निर्णय<br>• स्थानीय तहको कार्य सम्पन्न सिफारिस<br>• प्रतिवेदन र<br>• भुक्तानी माग निवेदन (वैंक खाता विवरण) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१५ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | १०००० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुको सामाजिक संरक्षण मार्फत दिनको समयमा ज्येष्ठ नागरिकहरु पायक पर्ने कुनै स्थानमा भेला भई विभिन्न खालका मनोरञ्जनात्मक क्रियाकलापहरुमा सरिक गराई दैनिक जीवनयापनमा सहजता ल्याउनका लागि लागि आवश्यकतानुसार कम्तिमा एक वडा एक ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा संचालन गर्ने प्रदेश सरकारको नीति कार्यान्वयन गर्नुका साथै र संचालन भई रहेकोलाई संचालन निरन्तरताको लागि समेत अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | दिवा सेवा केन्द्र संचालन मार्फत ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहजता ल्याउन सहयोग पुर्‍याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | ज्येष्ठ नागरिक दिवा सेवा स्थापना तथा संचालन वापत अनुदान, खाजा/खाना खर्च, वैठक संचालन तथा व्यवस्थापन, अनुगमन खर्च इत्यादी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. प्रस्ताव माग सम्वन्धी सूचना प्रकाशन । प्रस्ताव साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।<br>➢ अनुसूची-७ बमोजिमको ढाँचामा प्रस्ताव<br>➢ संस्था दर्ता/नविकरण वा स्थानीय तहमा सूचिकृत भएको प्रमाणपत्र<br>➢ संस्थाको विधान<br>➢ पान दर्ता प्रमाण पत्र र कर चुक्ता खुल्ने कागजात<br>➢ दिवा सेवा केन्द्र संचालनको लागि निर्माण भएको भवनको फोटो तथा जग्गाको लालपूर्जा/भोगाधिकारपत्र/घर भाडाको कागजात<br>➢ कार्यानुभव<br>➢ लागत अनुमान<br>➢ सम्बन्धित संस्था/समितिको निर्णय र<br>➢ स्थानीय तहको सिफारिस पत्र<br>ख. माग निवेदन/प्रस्ताव संकलन, मूल्याङ्कन र छनौटः यसका लागि देहाय वमोजिमको समिति रहनेछ । समितिले अनुसूची- ८ बमोजिमको आधारमा प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| | सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>प्रशासन महाशाखा अधिकृत प्रतिनिधि - सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सचिवले तोकेको मन्त्रालयका अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>***(नोटः समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।)***<br>ग. छनौट, अभिमुखिकरण तथा सम्झौता<br>घ. कार्यक्रम संचालनः ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनका लागि आवश्यक सामग्रीहरु जस्तैः भवनको लागि कार्पेट/गुन्द्री, कुर्ची टेवल, भजन किर्तनका लागि आवश्यक वाद्यवादनका सामग्री, पंखा, इन्टरनेट जडान, टिभी, आवश्यक भाँडाकुँडा, चुलो तथा सिलिण्डर, वाटर डिस्पेन्सर, स्वास्थ्योपचार सामाग्रीहरु, खाद्यान्न सामग्रीहरु इत्यादी खरिद तथा व्यवस्थापन गर्ने ।<br>ङ. अनुगमन तथा निरीक्षण<br>च. प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | दिवा सेवा केन्द्र संचालन मार्फत ज्येष्ठ नागरिकहरुको संस्थागत संरक्षण र दैनिक जीवनयापनमा सहजता ल्याउन सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्तावमा संलग्न गरिएका कागजातहरु ।<br>• सम्बन्धित संस्थाबाट कार्य सम्पादन सम्बन्धमा खर्चका बिल भर्पाई<br>• सामानहरुको खरिद आदेश, दाखिला कागजात र फोटोहरु<br>• सम्झौता पत्र<br>• प्रतिवेदन<br>• भुक्तानीको लागि निवेदन (संस्थाको वैंक खाता विवरण समेत) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१६ अटिजम केयर सोसाइटी कास्कीलाई सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा मर्यादित र आत्मसम्मानपूर्वक जीवनयापन गर्न सामाजिक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ। अटिजम भएका बालबालिकाको शारीरिक अवस्था सामान्य हुने तथा उनीहरुमा भएका विभिन्न सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नका लागि अटिजम केयर सोसाइटी कास्कीलाई संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | अटिजम भएका बालबालिकाको सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नु | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र अनुदान प्राप्त संस्था | | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, बालबालिकाको क्षमता तथा आवश्यकता अनुसारका खेलौना मेशिन र उपकरण खरिद लगायतका अन्य खर्चहरु | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) अवधारणा पत्र तयारी<br>(ख) कार्यक्रम संचालन समन्वय वैठक<br>(ग) **संस्थासँग समन्वयः** मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम सरोकारवाला अनुदान प्राप्त अटिजम केयर सोसाइटी, कास्कीसंग कार्यक्रम संचालनको विस्तृत प्रस्तावना सहित देहायका कागजात माग गर्नेछः<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• संस्थाको गत आ.ब.को लेखापरिक्षण प्रतिवेदन<br>• कर चुक्ता खुल्ने कागजात<br>• मन्त्रालयले सम्बन्धित संस्थासँग सम्झौता ।<br>(घ) संस्थाको कार्य जिम्मेवारीः रकम प्राप्त गर्ने संस्थाले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछः-<br>• प्रस्तावना तयारी<br>• लागत अनुमान तयार तथा स्वीकृति | | | |

| | |
|---|---|
| | • बालबालिकाहरुको पहिचान<br>• बालबालिकाको क्षमता तथा आवश्यकता अनुसारका खेलौना मेशिन र उपकरण खरिद<br>• क्षमता विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन<br>• अविभावक सहयोग प्रविधि आकलन तथा हस्तान्तरण<br>• अनुगमन तथा अन्तिम मूल्याङ्कन |
| ६. अपेक्षित प्रतिफल | अटिजम भएका बालबालिका र अविभावकको सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन र प्रस्ताव पेश गर्दा राखिएको सम्पूर्ण कागजाद<br>• खर्च भएका बिल भर्पाई<br>• सामाजिक विकास कार्यालय तथा सम्बन्धित स्थानीय तहको भुक्तानीको सिफारिस पत्र<br>• खर्च अनुमोदन सहितको संस्थाको कार्य समितिको निर्णय<br>• प्रतिवेदन र भुक्तानी माग निवेदन (बैंक खाता विवरण समेत) |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

### २.१.१७ लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४३० | दोस्रो/ तेस्रो/ चौथो |

<table>
<tr><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td>१. पृष्ठभूमि</td><td>लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रममा जोड दिँदै महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा निवारणमा सहयोग पुर्‍याउन आ.व. २०७७/०७८ देखि संचालनमा आएको लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवाको निरन्तरता मार्फत लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि तत्काल उद्धार, संरक्षण र सामाजिक न्यायमा आवश्यक समन्वय गर्न यो कार्यक्रम समावेश गरिएको छ ।</td></tr>
<tr><td>२. कार्यक्रमको उद्देश्य</td><td>• लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुबाट प्राप्त गुनासाहरुलाई ध्यान दिई आवश्यकता अनुसार तत्काल उद्दार, संरक्षण र कानूनी उपचार तथा मनोविमर्शका लागि सम्बन्धित निकायमा समन्वय र सिफारिस गरी हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने ।</td></tr>
<tr><td>३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु</td><td>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय</td></tr>
<tr><td>४. बजेट बाँडफाँट</td><td>कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, हटलाइन सेवा संचालनका लागि आवश्यक सामग्री र जनशक्ति व्यवस्थापनमा रकम खर्च गरिनेछ।</td></tr>
<tr><td>५. सञ्चालन गरिने क्रियाकलाप</td><td>१. लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत प्रदेशस्तरीय अनुभवी एवं दक्षता भएका संस्थाहरु सूचीकृत गर्ने ।<br>२. सुचीकृत संस्थाहरुवाट देहायमा उल्लेखित कागजातहरु सहित प्रस्ताव मागको सूचना आव्हान गर्ने<br>• संस्थाबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी<br>• विधानको प्रतिलिपि<br>• पान दर्ता प्रमाण पत्र,<br>• करचुक्ता पत्र र अडिट रिपोर्ट<br>• कार्यानुभव<br>• विगत ३ वर्षमा गरेका सामाजिक कार्यहरुको मुख्य विवरण<br>• संस्थामा उपलब्ध मौजुदा जनशक्ति र परामर्शकर्ताहरुको विवरण<br>३. सार्वजनिक खरिद ऐन नियमानुसार मूल्याङ्कन, छनौट तथा सिफारिस</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ४. कार्य विवरण सहितको सम्झौता गर्ने<br>५. हटलाइन सेवा संचालन एवं निरन्तरता दिने,<br>६. सम्बन्धित संस्थाले मन्त्रालयमा मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन अनिवार्य पेश गर्ने ।<br>७. कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | हिंसा पीडित तथा प्रभावितहरुले परामर्श, उद्धार र पुनर्स्थापना सम्बन्धी सेवा प्राप्त गरेका हुनेछन् । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन (सम्झौतामा उल्लेख भए अनुसार) |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१८ हिंसा प्रभावितहरुका लागि तत्काल उद्धार समन्वय संजाल वैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | ९० | दोस्रो / तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा मानव बेचविखन र ओसार पसारजन्य घटनाहरुलाई अपराधको रुपमा लिई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक उपायहरु अवलम्बन गरिएको भएतापनि अझै पनि यो समस्या चुनौतीको रुपमा रहेको पाइन्छ। गण्डकी प्रदेशभित्र लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको बीचमा समन्वय गरी प्रभावितहरुलाई आपतकालीन अवस्थामा तत्काल उद्धार गरी संरक्षण र न्यायमा पहुँच पुऱ्याउनका लागि आ.ब. २०७५/७६ मा गठन भएको तत्काल उद्धार समन्वय सञ्जालको निरन्तरता दिँदै कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरु बीच समन्वय गर्ने ।<br>• आपतकालीन अवस्थामा पीडित तथा प्रभावितहरुहरुलाई तत्काल उद्धार गरी सुरक्षित तरिकाबाट संरक्षणमा राख्ने व्यवस्था मिलाउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँड | वैठक संचालन एवं व्यवस्थापन तथा यातायात खर्च, |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तत्काल उद्धार समन्वय सञ्जालसँग समन्वय र समितिको नियमित बैठक सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुबीच आवश्यक समन्वय भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको निर्णय प्रतिलिपि, खर्चका बिल भर्पाईहरु र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१९मन्त्रालयमा रहेको अपाङ्गता सहायताकक्ष (Help desk)तथा सूचनाकेन्द्र सञ्चालन निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४३० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका सेवाग्राहीहरुले मन्त्रालयबाट लिने सेवा प्रवाहमा सहजता ल्याउन मन्त्रालयमा आ.व.२०७५/०७६ देखि संचालनमा रहेको अपाङ्गता सहायता कक्ष संचालन निरन्तरता तथा अपाङ्गता भएका व्यक्तिहरुको सूचना संकलन तथा व्यवस्थापनका लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता सहायता कक्ष संचालन गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुको सूचना तथा तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्ने<br>• अपाङ्गता भएका सेवाग्राहीहरुको सेवा प्रवाहमा सहजता ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, हेल्पडेक्स सेवा संचालनका लागि आवश्यक सामग्रीहरु र जनशक्ति व्यवस्थापनमा रकम खर्च गरिनेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १. अपाङ्गताको क्षेत्रमा कार्यरत प्रदेशस्तरीय संस्थाहरुको सूचीकृत सम्वन्धी सूचना प्रकाशन गर्ने ।<br>२. अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत प्रदेशस्तरीय अनुभवी एवं दक्षता भएका संस्थाहरु सूचीकृत गर्ने ।<br>३. सुचीकृत संस्थाहरुवाट देहायमा उल्लेखित कागजातहरु सहित प्रस्ताव मागको सूचना आव्हान गर्ने ।<br>• संस्थाबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी<br>• संस्थाको विधानको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र,<br>• गत वर्षको करचुक्ता पत्र<br>• अडिट रिपोर्ट<br>• कार्यानुभव<br>• विगत ३ वर्षमा गरेका सामाजिक कार्यहरुको मुख्य विवरण<br>• संस्थामा उपलब्ध मौजुदा जनशक्ति र परामर्शकर्ताहरुको विवरण |

| | |
|---|---|
| | ४. सार्वजनिक खरिद ऐन नियमानुसार मूल्याङ्कन, छनौट तथा सिफारिस<br>५. कार्य विवरण सहितको सम्झौता गर्ने<br>६. अपाङ्गता सहायता कक्ष संचालन एवं निरन्तरता दिने,<br>७. सम्बन्धित संस्थाले मन्त्रालयमा मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन अनिवार्य पेश गर्ने ।<br>८. कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • अपाङ्गता सहायता कक्ष संचालन भई सेवा प्रवाहमा सहजता पुगेको हुने<br>• स्थानीय तहहरुसँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुको सूचना तथा तथ्याङ्क संकलन तथा व्यवस्थापन हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन (सम्झौतामा उल्लेख भए अनुसार)<br>• प्रतिवेदन<br>• भुक्तानी निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

**२.१.२० प्रदेश आपत्कालिन उद्दार कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा एवं मानव वेचविखन तथा ओसार पसारबाट पीडित तथा प्रभावित लगायत जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा पीडित तथा प्रभावितहरुको स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन समेतका आधारमा रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसाको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्दार, संरक्षण तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग गर्नु,<br>• हिंसा पीडित तथा प्रभावितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदानका साथै जोखिममा रहेका व्यक्तिहरुलाई स्वरोजगारका लागि प्रोत्साहन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | हटलाइन/टोल फ्रि नम्वर समेतका बारेमा जानकारी दिने र सन्देशमूलक, सुसुचित एवं अनुरोध/जानकारी गर्ने गराउने सुचना तयारी, प्रकाशन र प्रशारण खर्च तथा अनुसूची-९ बमोजिमका क्रियाकलाप संचालन एवं व्यवस्थापन खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन (मन्त्रालयको वेवसाइटमा समेत सूचना राख्ने) ।<br>• प्राप्त निवेदनका आधारमा तत्काल उद्धार समन्वय संजालको वैठकबाट छलफल सहित अनुसूची-९ बमोजिम आर्थिक सहयोग उपलव्ध गराउन मन्त्रालयलाई सिफारिस गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • हिंसा पीडित व्यक्तिलाई राहत तथा जोखिमपूर्ण अवस्थाका महिला, |

| | | |
|---|---|---|
| | | बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापना शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन<br>• पहिचान खुल्ने कागजात<br>• प्रहरी/स्थानीय तहको सिफारिस पत्र<br>• खर्च भएका विलभर्पाई<br>• सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

२.१.२१ प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा मन्त्रालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सेवा सुविधाहरु परिचालन गर्ने तथा निर्देशन एवम् नियमन गर्ने यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने<br>• उनीहरुको उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई मन्त्रालयको नीति निर्देशन अनुसार काम गर्न अभिप्रेरित गर्ने ।<br>• कार्यक्रमको जानाकारी, मध्यावधि समिक्षा, योजना तर्जुमा, अन्तिम प्रगति समिक्षा, |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | बैठक तथा कार्यक्रम सञ्चालन, यातायात खर्च, खाजा, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक तयारी तथा संचालन,<br>• सम्बन्धित संस्थाहरुबाट भए गरेका कार्यहरुको आदान प्रदान तथा सुझाव संकलन<br>• प्रतिवेदन तयार तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गराई कार्यक्रम सञ्चालनमा प्रभावकारिता आउनेछ। |
| ७. पेश गर्नुपर्नेकागजातहरु | • बैठकको निर्णय प्रतिलिपि र खर्चका बिल भर्पाईहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२२ प्रदेश स्तरीय अपाङ्गता निर्देशन समिति बैठक सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ६०० | पहिलो/ दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनका लागि आवश्यक समन्वय, सहजीकरण तथा निर्देशन समेत गर्नको लागी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको दफा ४१ ले दिएको अधिकारको प्रयोग गरी गठन गरिएको प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको वैठक संचालनका लागि यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सहयोग गर्नु,<br>• प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने गराउनु,<br>• अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्नु, |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, सहभागी यातायात तथा दैनिक भ्रमण भत्ता, स्टेशनरी लगायत विविध |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका पदाधिकारीहरुसँग समन्वय र नियमित वैठक संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रबर्द्धनमा सघाउ पुग्नेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको निर्णय प्रतिलिपि<br>• खर्चको विल भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.२३ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो/तेस्रो /चौथो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा मर्यादित र आत्म सम्मानपूर्वक जीवनयापन गर्न सामाजिक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । गण्डकी प्रदेशभित्रका १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी ८५ स्थानीय तह सरोकार भएको एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा मूल प्रवाहिकरणका लागि प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन गर्ने अभिप्रायले गत वर्ष देखि संचालन सुरुवात भएको कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश मार्फत कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो। | | | |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन गर्ने<br>• अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक र मूल प्रवाहिकरण गर्ने | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट बाँडफाँट | तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा प्रवाहिकरणका लागि कार्यकक्ष स्थापना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आवश्यक खर्चहरु | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सस्थासँग समन्वयः मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँग कार्यक्रम संचालनको विस्तृत प्रस्तावना सहित देहायका कागजात माग गर्नेछः<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• संस्थाको पान दर्ता प्रमाण पत्र र कर चुक्ता पत्र र गत आ.ब. को लेखापरिक्षण प्रतिवेदन<br>• सम्झौता<br>• गत सालको प्रगति विवरण<br>(ख) सम्बन्धित संस्थासँग सम्झौता ।<br>(ग) संस्थाको कार्य जिम्मेवारीः रकम प्राप्त गर्ने संस्थाले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछः- | | | |

| | | |
|---|---|---|
| | | १. प्रदेश भित्रका ८५ वटै स्थानीय तहहरु एवं अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय<br>२. प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन<br>३. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा प्रवाहिकरण<br>४. प्रतिवेदन तयारी |
| ६. | अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना भई संचालनमा आएको हुने<br>• अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक र प्रवाहिकरणमा सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन<br>• खर्च भएका बिल भर्पाईहरु<br>• खर्च अनुमोदन वैठक निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन साथ भुक्तानी माग निवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, |

### २.१.२४ सामाजिक विकास क्षेत्रको नीति, योजना,ऐन,नियम, निर्देशिका,मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी भावी नीति तथा कार्यविधि, निर्देशिका एवं कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन तथा कानून बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रदेश नीति, ऐन तथा कानूनको निर्माण कार्यविधि निर्देशिका तयार गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • समन्वयात्मक बैठक संचालन तथा व्यवस्थापन सम्बन्धी विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • नीति, ऐन, कानून निर्माणको लागि स्वीकृती<br>• आवश्यकतानुसार कार्यदल/विज्ञ समूह गठन<br>• नीतिको मस्यौदा तयारी र सरोकारवालाहरुको सुझाव संकलन<br>• आर्थिक मामिला र कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयबाट राय एवं सहमति लिने<br>• स्वीकृति एवं सहमतिको लागि थप प्रकृया अघि बढाउने ।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन तथा कानूनको निर्माण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमगत मस्यौदा<br>• खर्चका विल भरपाईहरु<br>• विस्तृत विवरण प्रतिवेदन र भुक्तानी निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२५ अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३००० | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण,प्रर्वद्धन र अधिकारको सुनिश्चित गर्दै उनीहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन सशक्तीकरणका विभिन्न कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम संचालन गर्नु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम तथा वैठक संचालन सम्बन्धी खर्च व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको वैठकबाट पहिचान गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।<br>• कार्यक्रम संचालन तथा व्यवस्थापन ।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरणमा टेवा पुगेको हुनेछ |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपि<br>• कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२६ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मन्त्रालयको सामाजिक विकास महाशाखाबाट यस आर्थिक वर्षको लागि विनियोजन भइ आएका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि विभिन्न कार्यविधि, निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरु तर्जुमाका लागि सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरु निर्माण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • वैठक संचालन तथा व्यवस्थापन लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम कार्यान्वयनको लागि महाशाखाबाट निर्देशिका, मापदण्ड एवं कार्यविधिहरुको मस्यौदा तयार गर्ने<br>• मस्यौदा उपर विभिन्न चरणमा (मन्त्रीस्तरीय/ सचिवस्तरीय) सुझाव संकलन<br>• विभागीय मन्त्रालयस्तरबाट स्वीकृत हुने मापदण्डहरु मन्त्रालयबाट स्वीकृत गर्ने<br>• निर्देशिका एवम् कार्यविधिहरु तर्जुमा गर्दा आवश्यकता अनुसार आर्थिक मामिला र कानुन मन्त्रालयको सुझाव लिने<br>• सुझावहरु समेटिएको मस्यौदा मन्त्रीस्तर/ मन्त्रिपरिषद्बाट स्वीकृत<br>• कार्यक्रमहरु कार्यान्वयन हुने |
| ६. अपेक्षित प्रतिफल | • महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमगत मस्यौदा<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२७महिला तथा बालबालिका कार्यालयबाट प्रवर्द्धित उत्कृष्ट महिलासहकारीसंस्था पुरस्कार तथा सम्मान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ७०० | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्र साविकमा महिला तथा बालबालिका कार्यालयको महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भई उत्पादन तथा रोजगारी सृजना गर्ने कार्यमा अग्रपंतिमा रहेका उत्कृष्ट महिला सहकारी संस्थाहरु छनौट गरी प्रोत्साहन एवम् सम्मान गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सहकारी संस्थाहरुलाई आ-आफ्नो क्षेत्रमा सक्रिय रुपमा क्रियाशिल बन्न अभिप्रेरित गर्दै संस्थाहरु बीच सकारात्मक प्रतिस्पर्धाको माध्यमबाट उत्कृष्ट वन्न प्रोत्साहित गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | वैठक व्यवस्थापन, यातायात खर्च, सम्मान तथा पुरस्कार । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • निवेदन/ प्रस्ताव संकलनको लागि सूचना प्रकाशन<br>• उत्पादन र रोजगारी सृजना गरेका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी संस्थाहरुले अनुसूची-१० बमोजिमको ढाँचामा सम्वन्धित सामाजिक विकास कार्यालयमा निवेदन/प्रस्ताव पेश गर्नु पर्नेछ।<br>• सम्वन्धित सामाजिक विकास कार्यालयले निवेदन/ प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरु मध्ये उत्कृष्ठ २ (दुई) वटा सहकारी संस्थाको सम्पूर्ण कागजात साथ पुरस्कार/सम्मानको लागि सिफारिस गरी मन्त्रालयमा पठाउनु पर्नेछ।<br>• मन्त्रालयलाई जिल्लाहरुबाट पेश भएका निवेदन/ प्रस्ताव संकलन, छनौट मूल्यांकन र सिफारिसको लागि देहायको एक समिति रहनेछ । समितिले सहकारी संस्थाहरुको छनौट मूल्याङ्कन गर्दा अनुसूची-११ बमोजिमको आधारमा गर्नु पर्नेछ ।<br>➢ सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>➢ प्रशासन महाशाखा अधिकृत प्रतिनिधि - सदस्य<br>➢ आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>➢ मन्त्रालयका सचिवले तोकेको मन्त्रालयका अधिकृत प्रतिनिधि एक जना-सदस्य<br>➢ सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव |

| | |
|---|---|
| | • यसभन्दा अघि प्रदेश सरकारबाट पुरस्कार/ सम्मान पाइसकेका व्यक्तिलाई प्रतिस्पर्धामा सरिक गराइने छैन ।<br>• पुरस्कार तथा सम्मान कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | उत्पादन र रोजगारी सृजना भएका महिला सहकारी संस्थाहरुको कार्यकुशलतामा अभिवृद्धि भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ बजेटको बाँडफाँड निर्णय सहितको सिफारिस<br>➢ सम्मान गरिएका महिला सहकारी संस्थाहरुको विवरण<br>➢ खर्च भएका विल भर्पाईहरु, प्रतिवेदन र भुक्तानी निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.२८बाल प्रतिभा छनौट अन्तर्गत प्रदेशस्तरिय वक्तृत्वकला प्रतियोगिता संचालन तथा पुरस्कार वितरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रष्फुटन तथा विकासको लागि प्रदेश बाल परिषद्सँगको समन्वयमा प्रदेशस्तरीय वक्तृत्वकला प्रतियोगिता संचालन गरी उत्कृता बाल प्रतिभा छनौट मार्फत पुरस्कृत गरी थप हौसला प्रदान गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन र विकासमा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन एवं व्यवस्थापन पुरस्कार, खाजा, यातायात, बैठक भत्ता, पानी, स्टेशनरी दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • शिक्षा विकास निर्देशनालय, जिल्ला स्थित सामाजिक विकास कार्यालय, तथा प्रदेश बालपरिषद्सँग समन्वय<br>• वक्तृत्वकला प्रतियोगिता संचालन सम्बन्धी प्रकृया निर्धारण<br>• कार्यक्रम संचालनको समयतालिका निर्धारण<br>• तयारी तथा उत्कृष्ट प्रतिभा छनौट कार्यक्रम संचालन<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • उत्कृष्ट बालप्रतिभा पहिचान भई प्रोत्साहन भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी उपस्थिति, निर्णय लगायतका कागजातहरु<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वस्थ्य मन्त्रालय |

### २.१.२९ द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०००० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सशस्त्र द्वन्द र जनआन्दोलनका सहिद परिवार, वेपत्ता, घाइते, द्वन्द्व पीडित, अपाङ्ग र विपन्न महिलाहरु (गण्डकी प्रदेशबासी) को उद्यम व्यवसाय संचालन तथा रोजागरी प्रवर्द्धन गर्न सघाउने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | सहिद परिवार, वेपत्ता, घाइते, अपाङ्ग, द्वन्द्व पीडित र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजागरी प्रवर्द्धनमा सहयोग पुऱ्याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च ।<br>• अभिमुखिकरण कार्यक्रम/सम्झौता र अनुगमनको लागि बढिमा रु. एक लाखसम्म ।<br>• वीउ पुँजी/प्रविधि हस्तान्तरणको लागि प्रतिव्यक्ति बढिमा रु.दुई लाखसम्म। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १. सम्वन्धित जिल्ला प्रशासन र सामाजिक विकास कार्यालयको सहयोगमा सहिद परिवार, वेपत्ता, घाइते, अपाङ्ग, द्वन्द्व पीडित र विपन्न महिला सम्वन्धी तथ्याङ्क अद्यावधिक ।<br>२. कार्यक्रमको लक्षित वर्ग (सहिद परिवार, वेपत्ता, घाइते, अपाङ्ग, द्वन्द्व पीडित र विपन्न महिला) को पहिचान क्लष्टर अनुसारको निवेदन (लक्षित वर्गको परिचय खुल्ने कागजात, स्थानीय तहको सिफारिस, उद्यम/ व्यवसाय दर्ता प्रमाण पत्र र अनुसूची- १२ वमोजिमको व्यवसायिक योजना लगायतका कागजातहरु) माग।<br>३. मन्त्रालयमा समन्वयात्मक वैठक तथा छलफल<br>४. माग निवेदन मूल्याङ्कन, छनौट र सिफारिसका लागि देहाय वमोजिमको एक समिति रहनेछ। उक्त समितिले अनुसूची-१३ मा उल्लेख भएका आधारहरु वमोजिम छनौट मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।<br>➢ सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>➢ प्रशासन तथा योजना महाशाखा प्रमुख - सदस्य |

| | |
|---|---|
| | ➢ आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>➢ मन्त्रालयका कानून अधिकृत - सदस्य<br>➢ मूलप्रवाहिकरण शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>***(समिति वैठकमा आवश्यकता अनुसार अन्य अनुभवी/विज्ञ व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।)***<br>५. कार्यक्रम सम्झौता र संचालन<br>६. अनुगमन तथा मूल्याङ्कन<br>७. प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | सहिद परिवार, द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजागरी प्रवर्द्धनमूलक कार्यक्रमहरु संचालन भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपि<br>• सामाग्री खरिदको लागत अनुमान<br>• कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३० सामाजिक कुरीति (दाइजो प्रथा, वोक्सी प्रथा, जातीय छुवाछुत, लैङ्गिक विभेद लगायत) विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो/तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समाजमा विभिन्न खालका सामाजिक कुरीति, जातीय विभेद, लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसार जस्ता हानिकारक अभ्यासले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै समाजमा अशान्तिको अवस्था सृजना गर्दछ। यसले महिलाहरुको सशक्तीकरण तथा विकासमा प्रत्यक्ष असर पार्नुका साथै लैगिंक समानता हासिल गर्न अवरोध सृजना भएकोले समयमै यसको रोकथाम गर्नका लागि विभिन्न सचेतनामूलक, दिवसीय तथा अभियानात्मक कार्यक्रमहरु संचालन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | समाजमा विद्यमान सामाजिक कुरीति, जातीय छुवाछुत, लैंगिक हिंसा, मानव बेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानिकारक अभ्यासहरु न्यूनीकरण गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | प्रचार प्रसार, छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तरसम्बाद, सचेतनामूलक अभियानात्मक तथा दिवसीय कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी<br>• कार्यक्रम संचालनको खाका तयार<br>• कार्यक्रम सञ्चालन गर्ने स्थान छनौट<br>• प्रचारप्रसार, छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तर सम्बाद, जिल्ला सेवा केन्द्रहरुको समिक्षा गोष्ठी तथा आवश्यकता अनुसार सचेतनामूलक, अभियानात्मक तथा दिवसीय कार्यक्रम संचालन गर्ने<br>• अनुगमन<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | लैंगिक हिंसा, सामाजिक कुरीति लगायतका परम्परागत हानिकारक अभ्यासमा न्यूनीकरण आएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खर्चका बिल भर्पाई<br>• कार्यक्रम सञ्चालनका फोटो समेतको प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३१ गै.स.स.द्वारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण, नियमन र निर्देशिका तयारी समेत

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश भित्र कार्यरत गैह्रसरकारी संस्था मार्फत सञ्चालित कार्यक्रमहरुको दोहोरोपना हटाउन, आवश्यकता अनुसार सहजिकरण तथा नियमन गर्नुका साथै सो सम्बन्धमा निर्देशिका तयारी कार्यलाई व्यवस्थित गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गै.स.स.द्वारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण र नियमन निर्देशिका तयारी गर्नु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | छलफल तथा अन्तर्क्रिया, वैठक संचालन तथा व्यवस्थापन खर्च, निर्देशिका प्रकाशन । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • गै.स.सहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम<br>• कार्यदल/ समिति गठन- गैससद्वारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण, नियमन र निर्देशिकाको मस्यौदा तयार गरी मन्त्रालय समक्ष पेश गर्न निम्नानुसारको समिति गठन हुनेछ ।<br>(क) मन्त्रालय महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा-संयोजक<br>(ख) मन्त्रालय महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा-सदस्य<br>(ग) मन्त्रालय शाखा प्रमुख, आर्थिक प्रशासन शाखा — सदस्य<br>(घ) मन्त्रालय कानून अधिकृत - सदस्य<br>(ङ) गै.स.सं.महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष-सदस्य<br>(च) गै.स.सं.महासंघ नेपाल गण्डकी प्रदेशले तोकेको जिल्लाको प्रतिनिधित्व रहने गरी १ जना महिला प्रतिनिधि- सदस्य<br>(छ) अधिकृत-मन्त्रालय (गै.स.स.हेर्ने) सम्बन्धित शाखा- सदस्य सचिव<br>• निर्देशिकाको मस्यौदा तयारी<br>• निर्देशिका स्वीकृति<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गैससद्वारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण तथा नियमन र निर्देशिका तयारी भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी खर्चका बिल भर्पाई<br>• निर्देशिकाको मस्यौदा र प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३२ महिला डिजिटल साक्षरता एवं रुपान्तरणकारी नेतृत्व विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | एक्काइसौ शताव्दीमा भएको तिव्रतर विकाससँगै महिलाहरुमा सूचना प्रविधिको प्रयोग, चुनौती तथा नीति निर्माण तहमा यसको महत्त्वलाई वढावा दिनको लागि पहिलो प्रयास स्वरुप संचार क्षेत्र लगायतका विभिन्न क्षेत्रमा कार्यरत महिलाहरुलाई डिजिटल साक्षरता सम्बन्धी ज्ञान तथा अनुभव आदान प्रदान गरी रुपान्तरणकारी नेतृत्व विकासमा सहयोग पुऱ्याउनको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिलाहरुमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान र सिप हासिल हुनुका साथै रुपान्तरणकारी नेतृत्व विकासमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम अवधारणा पत्र (विशेष गरी नवप्रवेशी महिला पत्रकारहरुलाई आधारभूत तह र पूराना महिला पत्रकारहरुलाई एडभान्स कोर्ष उपलव्ध गराउने गरी) तयारी ।<br>• समन्यात्मक तयारी वैठक र सम्बन्धित सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रम संचालन तथा व्यवस्थापन<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | महिलाहरुमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान हासिल हुनुका साथै रुपान्तरणकारी नेतृत्व विकासमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय<br>• खर्चका बिल भर्पाई<br>• कार्यक्रम सञ्चालनका अन्य कागजात<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | १०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सवै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता गर्न तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्न गण्डकी प्रदेश सरकारद्वारा जारी भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको वैठक संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश |
| ४. बजेट बाँडफाँड | वैठक संचालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका सदस्यहरुलाई पत्राचार तथा समन्वय<br>• बैठक सञ्चालन |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको वैठक संचालन गर्नेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३४ पिछडिएका विपन्न वर्गका गृहिणी महिलाहरुको आर्थिक सशक्तीकरणका लागि प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०००० | दोस्रो/ तेस्रो / चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश अन्तर्गतका ८५ स्थानीय तहहरु मध्ये विशेषतः भौगोलिक, आर्थिक एवं सामाजिक रुपमा पिछडिएका र मानव विकास सूचकाङ्क ०.६०० भन्दा कम (क्रमसंख्या ८५ देखि ७३ सम्म) भएका पालिकाहरु [गोरखा जिल्लाको चुमनुव्री गा.पा./HDI-०.५३९, धार्चे गा.पा./HDI-०.५६० र गण्डकी गा.पा./HDI-०.५७७, बागलुङ जिल्लाको निसीखोला गा.पा./HDI-०.५६१, ढोरपाटन न.पा./HDI-०.५८९ र बडिगाड गा.पा./ HDI-०.५९२, नवलपरासी (पूर्व) जिल्लाको विनयीत्रिवेणी गा.पा./HDI-०.५७९, बुलिङटार गा.पा./HDI-०.५८३ र मध्यविन्दु न.पा./HDI-०.५८७, म्याग्दी जिल्लाको रघुगंगा गा.पा./HDI-०.५९०, तनहुँ जिल्लाको भानु न.पा./HDI-०.५९३ र घिरिङ गा.पा./HDI-०.५९५ तथा कास्की जिल्लाको माछापुच्छ्रे गा.पा./HDI-०.५९९] जम्मा पालिका संख्या १३ मा वसोबास गरिरहेका, निर्वाहमुखी खेतीपाती गर्ने, कुनै किसिमको सरकारी सेवा सुविधा नपाएका, वेरोजगार एवं व्यवसाय विहिन, आत्मानिर्भर हुन नसकेका, विशुद्ध गृहिणी, युवा अवस्था पार गरेका ४१ बर्ष देखि माथि ६८ वर्ष मुनि उमेर समूहका विपन्न गृहिणी महिलाहरुको आर्थिक सशक्तिकरण हुने करेसा तरकारी खेती/ फलफुल खेती/ पशुपंक्षी पालन/ मौरीपालन/ सिलाई बुनाई/ जडिवुटी/ गैरकाष्ठजन्य उद्यम- (सुगन्धित तेल, अल्लो भाङ्ग्रा/ झोला/ फेता, दुनाटपरी, इत्यादी)/अन्य लघु उद्यम-(अचार/धुपवत्ती समेत) जस्ता कम्तिमा कुनै एक उत्पादन एवं आयआर्जनमूलक उद्यम व्यवसाय गृहिणी महिलाहरुले एकल वा सामुहिक रुपमा संचालन गर्ने गरी "ग्रामिण गृहिणी महिला प्रोत्साहन" का लागि समूहगत (प्रति समूह ५ देखि १५ जनासम्म सदस्य रहेको) रुपमा टेवा पु-याउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | पिछडिएका विपन्न तथा विशुद्ध गृहिणी महिलाहरुलाई उत्पादनमूलक कार्यमा सहभागी गराई उनीहरुको आर्थिक सशक्तिकरणमा टेवा पु-याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • लक्षित गृहिणी महिलाहरुको समूहमा आवद्ध सदस्यहरु हरेकलाई कम्तिमा रु. छ हजारका दर हुने गरी सामुहिक रुपमा लघु उद्यम/व्यवसाय संचालन समेतका लागि प्रोत्साहन रकम । |

| | |
|---|---|
| | • कुल बजेटको बढिमा २ प्रतिशत रकम कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र अभिमुखिकरणका लागि खर्च गरिनेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालयमा समन्वयात्मक वैठक तथा छलफल<br>• निवेदन मागको सूचना र प्रचार प्रसार<br>• मानव विकास सुचकाङ्क कम रहेका उल्लखित १३ वटा पालिकाहरुको ४१ वर्ष देखि ६८ वर्ष मुनीका महिलाहरुको जनसंख्यालाई आधार वनाई समानुपातिक रुपमा स्विकृत वजेटलाई बाँडफाट गर्ने ।<br>• एकै टोल/भेगका तोकिएको उमेर समूहका ५ देखि १५ जना सदस्य रहेको चाहना समूहको सामूहिक निवेदन सम्वन्धित सामाजिक विकास कार्यालयले संकलन गर्ने ।निवेदकले निवेदन साथ देहायका कागजात पेश गर्नु पर्नेछ।<br>  ◦ अनुसूची - १४ वमोजिमको ढाँचामा व्यवसायिक योजना<br>  ◦ सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>  ◦ समूह दर्ता/नविकरणको प्रमाणपत्र,<br>  ◦ नागरिकताको फोटोकपी र पासपोर्ट साइज फोटो २ प्रति<br>  ◦ बैंक खाता विवरण<br>• समूह अभिमुखिकरण तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन<br>• सामाजिक विकास कार्यालय मार्फत प्रोत्साहन रकम उपलव्ध गराउने<br>• अनुगमन तथा मूल्याङ्कन<br>• सम्वन्धित सामाजिक विकास कार्यालयले मन्त्रालयमा प्रतिवेदन पेश गर्ने। |
| ६. अपेक्षित प्रतिफल | • पिछडिएका विपन्न तथा विशुद्ध गृहिणी महिलाहरु उत्पादनमूलक कार्यमा सरिक भै उनीहरुको आर्थिक सशक्तिकरणमा टेवा पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३५ उत्कृष्ट महिला सहयोग कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | १००० | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विभिन्न क्षेत्र (खेलकुद, पत्रकारिता, उद्यमशिलता, साहसिक पर्यटन, सामाजिक अभियान, कल्याणकारी कार्य, सार्वजनिक सवारी संचालन आदी) मा उत्कृष्ट कार्य गरी प्रसिद्धी कमाएका महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले आर्थिक सहयोग तथा सम्मान मार्फत प्रदेशबासी उत्कृष्ट महिलाको पहिचान कायम गर्न तथा थप हौसला प्रदान गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विभिन्न क्षेत्रमा प्रदेशबासी उत्कृष्ट महिलाहरुको पहिचान तथा छनौट गरी आर्थिक सहयोग तथा सम्मान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | • प्रति व्यक्ति रु.पचास हजारका दरले सहयोग रकम र सम्मान पत्र<br>• कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक, सूचना प्रकाशन र निवेदन संकलन (अनुसूची १५ वमोजिमको तोकिएको ढाँचामा निवेदन) ।<br>• सम्वन्धित निकाय (प्रदेश खेलकुद परिषद, प्रदेशस्तरीय पत्रकार महासंघ, उद्योग बाणिज्य संघ/घरेलु कार्यालय, पर्यटन व्यवसायी संघ, सामाजिक विकास कार्यालय, यातायात व्यवसायी संघ) को सिफारिस।<br>• मूल्याङ्कन तथा छनौट समितिः<br>- प्रशासन तथा योजना महाशाखा प्रमुख- संयोजक<br>- युवा तथा खेलकुद महाशाखा प्रमुख - सदस्य<br>- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको अधिकृत प्रतिनिधि-सदस्य<br>- आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>- सामाजिक विकास महाशाखा प्रमुख - सदस्य सचिव<br>• समितिबाट मुल्याङ्कन, छनौट र सिफारिस<br>• सहयोग तथा सम्मान कार्यक्रम संचालन<br>• अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | विभिन्न क्षेत्रमा प्रदेशबासी उत्कृष्ट महिलाहरुको पहिचान तथा छनौट भै आर्थिक सहयोग तथा सम्मान प्राप्त गरेको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठक निर्णय प्रतिलिपि, खर्चका बिल भर्पाईहरु र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३६ स्थानीय तहको साझेदारीमा शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेशकेन्द्रमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला उपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय समयमा निजामती कर्मचारीका शिशुहरुका लागि उपयुक्त संरक्षण, हेरचाह र रेखदेख गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा दिवा शिशुस्याहार केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | (क) निजामती कर्मचारीहरुलाई आफ्नो कामप्रति लगनशिल र जिम्मेवार हुन उत्प्रेरित गर्ने ।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहारसुसार गरी चौतर्फी विकासमा सघाउ पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन गर्ने कार्यविधि निर्माण पश्चात सोको अधिनमा रही खर्च गर्ने शिर्षकहरु तय गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधि तयार गरी सोही अनुरुप कार्यान्वयन गर्ने र कार्यान्वयनसंग सम्वन्धित विल भरपाईहरु । |
| ६. अपेक्षित प्रतिफल | • निजामती कर्मचारीहरु आफ्नो काम प्रति लगनशिल र जिम्मेवार भएका हुने ।<br>• दिवा शिशुस्याहार केन्द्र व्यवस्थित, पारदर्शि तथा प्रभावकारी रुपले संचालन भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत कार्यविधिमा उल्लेख भएका विषयहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३७ पत्रकारहरुको क्षमता अभिबृद्धि कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | पछिल्लो समय सूचना र प्रविधिमा भएको विकाससंगै यसको प्रयोग, चुनौति र महत्वलाई दर्शाउन विभिन्न सामाजिक गतिविधिहरुको उत्पादन तथा प्रशारणमा मिडियालाई सकारात्मक र रचनात्मक बनाउनुका साथै पत्रकारहरुको सम्मानजनक र अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि सत्य र तथ्यपरक सूचना उत्पादन र सम्प्रेषणका लागि प्रोत्साहित गरी तथ्य र विश्लेषणका आधारमा संवेदनशिल हुन अभिप्रेरित गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश कास्की शाखा र सरोकारवालाहरुसंग समन्वय<br>• कार्यक्रम प्रस्तावना तयारी<br>• कार्यक्रमका सहभागी छनौट र कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन भै पत्रकारहरुको क्षमता अभिबृद्धिमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खर्चको विल भरपाई लगायतका कार्यक्रम संचालन सम्वन्धी कागजातहरु<br>• प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

**मन्त्रालय तर्फ (पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु)**

## २.१.३८ सामुदायिक भवन मर्मत सम्भार

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रुहजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | १५००० | पहिलो, दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश भित्रका विभिन्न स्थानहरुमा निर्माणको क्रममा रहेका, अधुरो रहेका सामुदायिक भवनहरु (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, आमा समुह) को निर्माण/मर्मतसंभार, स्तरोन्नती लगायतका कार्यहरुमा सहयोग पु-याउने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक भवनहरुको स्तरोन्नती तथा मर्मत संभार गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | संचालन तथा मर्मत संभारका लागि अनुदान वापतको खर्च रकम, |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. प्रस्ताव/ निवेदन मागको सूचना प्रकाशनः विभिन्न स्थानहरुमा निर्माणको क्रममा रहेका, अधुरो रहेका सामुदायिक भवनहरु (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, आमा समूह, धार्मिक महत्वका पाटीपौवा/ सत्तल इत्यादी) को निर्माण/मर्मत संभार, स्तरोन्नती लगायतका कार्यहरुमा रकम उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित संस्था/ समिति/ समूह/ आदीबाट देहायका कागजातहरु सहित २१ दिन अवधीको प्रस्ताव आव्हान गरिनेछ।<br>• अनुसूची १६ बमोजिमको प्रस्ताव<br>• रकम माग गर्ने व्यवस्थापन समितिको निर्णय<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी वा स्थानीय तहमा सूचिकृत भएको प्रमाणपत्र<br>• संस्थाको विधान<br>• गत वर्षको कर चुक्ता पत्र<br>• गत सालको अडिट रिपोर्ट साथ पान दर्ता प्रमाण पत्र<br>• लागत स्टिमेट<br>• ड्रोईङ डिजाइन<br>• भवनको हाल भइरहेको संरचना देखिने गरी फोटो<br>• जग्गाको लालपूर्जा वा भोकाधिकार पत्र<br>• संलग्न सदस्यहरुको संख्या<br>• मन्त्रालय बाट प्राप्त हाल सम्मको बजेट |

| | |
|---|---|
| | • सम्बन्धित स्थानीय तहको प्रमाणित लागत अनुमान र सिफारिस पत्र<br>ख. प्रस्ताव संकलन, मूल्याङ्कन र सिफारिसः अनुसूची १७ बमोजिम, मूल्याङ्कन र छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख - संयोजक<br>प्रशासन महाशाखा अधिकृत प्रतिनिधि - सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सचिवले तोकेको मन्त्रालयका अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>ग. छनौट तथा सिफारिस,<br>घ. कागजात प्राप्त गर्ने, प्रस्ताव स्वीकृती र सम्झौता ।<br>ङ. कार्यक्रम कार्यान्वय तथा अनुगमन<br>च. रकम भुक्तानी |
| ६. अपेक्षित प्रतिफल | सामुदायिक भवनहरुको स्तरोन्नती तथा मर्मत संभारमा सहयोग पुगेको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | रकम भुक्तानीको लागि निम्न कागजातहरु पेश गर्नु पर्नेछ ।<br>• सम्झौता पत्र<br>• सम्बन्धित स्थानीय तहबाट प्रमाणित लागत अनुमान तथा ड्रोइङ डिजाइन<br>• कार्य सम्पन्न प्रतिवेदन सहितको सम्बन्धित स्थानीय तहको सिफारिस<br>• खर्चका बिल भर्पाई<br>• कार्यक्रम संचालन सम्बन्धी फोटोहरु<br>• भुक्तानीको लागि निवेदन (संस्थाको वैंक खाता विवरण) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सामाजिक विकास कार्यालयहरु |

## २.२ सामाजिक विकास कार्यालय तर्फ

### २.२.१ मानव सेवा आश्रमको पूर्वाधार विकास

| *खर्च शीर्षक* | *इकाई* | *लक्ष्य* | *वजेट रु हजारमा* | *त्रैमासिक अवधि* |
|---|---|---|---|---|
| ३११५९ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम अनुसार | | पहिलो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सहयोगापेक्षी सडक आश्रित व्यक्तिको उद्धार, संरक्षण र व्यवस्थापनको लागि मानव सेवा आश्रमको रुपमा स्थापना भई सडक मानव व्यवस्थापन गरिरहेका गण्डकी प्रदेश भित्रका लमजुङ, गोरखा, कास्की, बाग्लुङ जिल्लामा कार्यरत मानव सेवा आश्रमहरुको भवन निर्माण कार्यको निरन्तरताका लागि अनुदान उपलब्ध गराई सडकमा रहने वेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्नका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | मानव सेवा आश्रमहरुको भवन निर्माण कार्यलाई निरन्तरता दिने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास कार्यालय लमजुङ/ गोरखा/ कास्की/ बाग्लुङ |
| ४. बजेट बाँडफाँड | निर्माण कार्यसंग सम्वन्धित खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सम्वन्धित मानव सेवा आश्रमसंग निवेदन साथ प्रस्ताव र देहायका कागजातहरु माग गर्ने ।<br>- विस्तृत आयोजना प्रतिवेदन,<br>- सरकारी प्रविधिकबाट प्रमाणित ड्र्इङ्ग डिजाइन एवं लागत ईष्टिमेट<br>- संस्था दर्ता/नविकरण प्रमाण पत्र<br>- संस्था संचालन विधानको फोटोकपी<br>- स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र र<br>- गत वर्षको आर्थिक कारोबारको करचुक्ता पत्र,<br>- गत आ.व.को लेखापरीक्षण प्रतिवेदन<br>- सम्बन्धित संस्थाको जग्गाधनी प्रमाणपूर्जा लगायतका कागजातहरु<br>- भवन निर्माण सम्बन्धी हालसम्मको प्रगति विवरण<br>- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• प्रस्ताव स्वीकृति र सम्बन्धित संस्था/ उपभोक्ता समितिसँग योजना कार्यान्वयन सम्झौता<br>• नियमानुसार प्रथम किस्ता र कार्य प्रगति समेतका आधारमा दोस्रो किस्ता पेश्की अनुदान उपलब्ध गराउने<br>• अनुगमन गर्ने |

| | |
|---|---|
| | • सार्वजनिक सुनुवाइ गर्ने<br>• कार्य सम्पन्न प्रतिवेदन तयार गरी योजना फरफारक गर्ने |
| ६. अपेक्षित प्रतिफल | मानव सेवा आश्रमहरुको निर्माणाधिन भवनहरु थप निर्माण भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • मानव सेवा आश्रम सञ्चालक समितिको निर्णय<br>• योजना सम्झौता पत्र<br>• खर्चका विल भरपाईहरु<br>• योजना फरफारकका लागि स्थानीय तहको सिफारिस<br>• प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन<br>• महत्वपूर्ण फोटोहरु समेतको विस्तृत विवरण प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | • मन्त्रालय, सामाजिक विकास कार्यालय र सम्वन्धित स्थानीय तह |

### २.२.२ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री वितरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम अनुसार | | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता सहायता सामग्री आवश्यक भएपनि आर्थिक अभावले गर्दा खरिद गरी उपयोग गर्न नसकेका अपाङ्गता भएका ब्यक्तिहरुको दैनिक जीवनयापनमा सहजता ल्याउन सहायक सामग्री खरीद गरी वितरण गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायता सामग्री खरिद तथा वितरण गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | सहायक सामग्री खरिद, वितरणमा लाग्ने खर्च अनुसार |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी गर्ने ।<br>• सरोकारवालाहरुसँग समन्वय एवं छलफल (चिकित्सक एवं सम्बन्धित विज्ञको रोहवरमा आवश्यक चेकजाँचका आधारमा आवश्यकता पहिचान पश्चात सहायता सामग्री खरिद गर्ने विषयमा छलफल गर्ने)<br>• अपाङ्गताको तथ्याङ्क सङ्कलन गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय (स्थानीय तहहरुमा क्रियाशिल स्थानीय तह अपाङ्ग समन्वय समितिको सिफारिसलाई प्राथमिकतामा राख्ने)<br>• सहायता सामग्रीको सूची र विवरण (Specification) तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके वमोजिम प्रक्रिया पुरा गरी सहायता सामग्री खरिद गर्ने<br>• सामग्री वितरण र प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामग्री खरिद र वितरण भै उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउन सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • सहायता सामाग्री खरिदका लागि समन्वय वैठकको निर्णयहरु<br>• आदेश र दाखिला रिपोर्ट सम्बन्धी कागजात,<br>• सामग्री खरिद विल भरपाई र वितरण भरपाई<br>• कार्यक्रम प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

### २.२.३ ज्येष्ठ नागरिकमा रहेको ज्ञान सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम अनुसार | | दोस्रो, तेस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | नयाँ पुस्तालाई पुराना पुस्तामा भएको ज्ञान, सीप, कला, संस्कार, संस्कृतिको जगेर्ना बारे जानकारी दिनुका साथै असल परम्परा, लोक संस्कृति, सभ्यता र रहन सहन एवं ज्येष्ठ नागरिक प्रति श्रद्धा, सम्मानका साथ वर्तमान पुस्ताको कर्तव्य समेत बोध गराउँदै लोप हुँदै गएको संस्कारलाई संरक्षण गर्ने अभिप्रायले यो कार्यक्रम समावेश राखिएको हो। | | | |
| २. कार्यक्रमको उद्देश्य | अघिल्ला पुस्तासंग भएको ज्ञान, सीप, कला, संस्कृति र परम्पराको संरक्षण र दीगोपना कायम राख्न पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने । | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय | | | |
| ४. बजेट बाँडफाँड | तालिम संचालन तथा व्यवस्थापन लगायतको खर्चहरु | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रमको विस्तृत अवधारणापत्र तयारी<br>• सरोकारवालाहरुसँग समन्वय र तालिम कार्यक्रमको एकिन गर्ने।<br>• सहभागी छनौट र कार्यक्रमको मिति र स्थान निर्धारण ।<br>• प्रशिक्षकको व्यवस्थापन र कार्यक्रम सञ्चालन<br>• कार्यक्रमको समीक्षा समेतको प्रतिवेदन तयारी | | | |
| ६. अपेक्षित प्रतिफल | अघिल्ला पुस्ताका सीप, कला तथा संस्कृति पछिल्लो पुस्तामा हस्तान्तरण भएको हुनेछ । | | | |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धका आवश्यक कागजातहरु<br>• खर्चका बिल भर्पाई<br>• कार्यक्रम प्रतिवेदन | | | |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय | | | |

### २.२.४ सामाजिक कुरीति विरुद्ध अभियान संचालन (लैङ्गिक हिंसा, बालविवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम अनुसार | | दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समाजमा विभिन्न खालका सामाजिक कुरीति, जातीय विभेद, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार जस्ता गलत अभ्यासले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै समाजमा अशान्तिको अवस्था सृजना गर्दछ। यसले महिलाहरुको सशक्तीकरण तथा विकासमा प्रत्यक्ष असर पार्नुका साथै लैगिंक समानता हासिल गर्न अवरोध गर्ने सृजना भएकोले समयमै यसको रोकथाम गर्नका लागि स्थानीय तहसँगको साँझेदारीमा संचालन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | समाजमा विद्यमान सामाजिक कुरीति, लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण गर्नमा टेवा पु-याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | प्रवर्द्धनात्मक सामग्री निर्माण, प्रचार प्रसार, छलफल तथा अन्तर्क्रिया र प्रतियोगितात्मक कार्यक्रमहरु संचालन लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • जिल्लाको आवश्यकता अनुसार कार्यक्रमको अवधारणा पत्र तयारी (सामुदायिक तथा संस्थागत विद्यालयका सामाजिक शिक्षक/लैङ्गिक उत्तरदायी फोकल पर्सन र अन्य सम्वद्ध सरकारी/गैरसरकारी संस्थाका पदधिकारीहरुलाई समेत प्रशिक्षक प्रशिक्षण, सामाजिक अगुवा जस्तै आमा समूह, युवा क्लव, इत्यादीहरुको समेत परिचालन गर्ने, कुरीति विरुद्ध निर्माण भएका भिडियो सामग्री प्रदर्शन गर्ने तथा नयाँ सामग्री उत्पादन र प्रचारप्रसार गर्ने, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका समस्या र सवालहरुमा छलफल, लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन र ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरणका कार्यक्रमहरु गर्न सकिने)<br>• स्थानीय तह/ प्रहरी/ विद्यालय/ सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रम सञ्चालन गर्न स्थानीय तह, प्रहरी, विद्यालय, महिला समूह, समिति, संस्थाको सहयोगमा सचेतना कार्यक्रम तय गर्ने । |

| | |
|---|---|
| | • कार्यक्रम व्यवस्थापन एवं सञ्चालनको जिम्मेवारी बाडफाँड<br>• कार्यक्रम सञ्चालनको मिति र स्थान निर्धारण<br>• सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | समाजमा विद्यमान सामाजिक कुरीति, लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण गर्नमा टेवा पु-याउन सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठक निर्णय तथा उपस्थिति विवरण<br>• प्रचार प्रसार सामग्रीहरु<br>• खर्चका बिल भर्पाई<br>• प्रतिवेदन तयारी |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.५ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | प्रत्येक नागरिकहरुले लैङ्गिक हिंसाबाट मुक्त भई सम्मानित र सुरक्षित जीवनयापन गर्न पाउनु पर्छ। महिला माथि हुने हिंसा, मानव अधिकारको हनन् र अपराध हो भन्ने कुरा अझैसम्म पनि स्थापित हुन सकिरहेको छैन। प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संसारभर मनाउने सन्दर्भमा महिला माथि हुने हिंसा क्षम्य छैन भनी प्रदेशस्तरका ११ जिल्लाहरुमा १६ दिने अभियानको अवधिभर विविध सचेतनामूलक अभियानात्मक कार्यक्रमहरु संचालन गरी गण्डकी प्रदेशमा लैङ्गिक हिंसा विरुद्धको जन लहर फैलाउनका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. | कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा विरुद्ध सचेतना वढाउने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. | बजेट बाँडफाँट | बैठक सञ्चालन एवं व्यवस्थापन, कार्यक्रम सञ्चालन, यातायात खर्च, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी<br>• सरोकारवालाहरुसँग समन्वय वैठक<br>(जिल्लाको आवश्यकता अनुसार सामाजिक संस्थाहरुसँग समन्वय गरी महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको समेत सहभागीता हुने प्रतियोगितात्मक, अभियानमूलक तथा अन्तरकृयात्मक कार्यक्रम संचालन गर्न सकिने)<br>• कार्यक्रमहरु पहिचान तथा कार्यान्वयन<br>• कार्यक्रमको समिक्षा |
| ६. | अपेक्षित प्रतिफल | लैङ्गिक हिंसाको न्यूनिकरणमा सहयोग भएको हुने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम संचालन सम्बन्धी उपस्थिति विवरण, खर्चका बिल भर्पाईहरु र कार्यक्रम प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

२ ६.२.स्थानीय तहका महिला तथा बालबालिका शाखाका कर्मचारीसामाजिक विकास समितिका / पदाधिकारीहरुलाई अभिमुखिकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसख्यकहरुको क्षेत्रमा हरेक जिल्ला भित्रका स्थानीय तहहरु तथा जिल्लास्तरका कार्यालयहरु समेतबाट सम्पादन हुने कार्यक्रमहरुमा एकरुपता तथा सामाञ्जस्यता कायम गरी कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता वृद्धि गर्न यो कार्यक्रम समावेश गरिएको हो। | | | |
| २. कार्यक्रमको उद्देश्य | स्थानीय तहका महिला तथा बालबालिका शाखाका कर्मचारी/सामाजिक विकास समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने। | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय | | | |
| ४. बजेट बाँडफाँड | कार्यक्रम सञ्चालन एवं व्यवस्थापन लगायतका खर्चहरु । | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी<br>• कार्यक्रमको सहभागी र सहजकर्ताको व्यवस्था<br>• कार्यक्रम संचालन<br>• कार्यक्रमको समीक्षा तथा प्रतिवेदन तयारी<br>नोटः उक्त कार्यक्रम संचालन गर्दा जिल्लाका सरोकारवाला निकाय/ संस्थाहरुको समेत समन्वय तथा सहभागीतामा संचालन गर्न सकिनेछ। | | | |
| ६. अपेक्षित प्रतिफल | स्थानीय तहका महिला तथा बालबालिका शाखाका कर्मचारी/सामाजिक विकास समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण भएको हुनेछ । | | | |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत अवधारणापत्र,<br>• कार्यक्रम संचालन सम्बन्धी विवरण,<br>• खर्चका बिल भर्पाईहरु र<br>• कार्यक्रम प्रतिवेदन | | | |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय | | | |

### २.२.७ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भई वचत तथा ऋण परिचालन लगायत सामाजिक क्रियाकलापहरु समेत संचालन गरी स्थानीय स्तरमा महिला सुरक्षाको पहरेदारको रुपमा संचालनमा रहेका महिला सहकारी संस्थाहरुलाई प्रविधिमैत्री वनाउनुका साथै संस्थागत क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला सहकारी संस्थाहरुको संस्थागत सुदृढिकरणमा सहयोग गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | संस्थागत सुधारका सामग्रीहरु (कम्प्यूटर, फर्निचर तथा फर्निसिङ, आदि) को व्यवस्थापन लगायतको खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी<br>• सहकारी सस्थाहरुसँग समन्वय तथा माग संकलन<br>• माग भई आएका सामग्रीहरुको सूचि तयार र<br>• सामग्री खरिद<br>• संस्थाहरुलाई सामग्री हस्तान्त्रण<br>• प्रतिवेदन तयारी तथा भुक्तानी प्रकृया |
| ६. अपेक्षित प्रतिफल | महिला सहकारी संस्थाहरुको संस्थागत सुदृढिकरणमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी विवरणहरु,<br>• खर्चका बिल भर्पाईहरु र<br>• कार्यक्रम प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

## २.२.८ बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बालअधिकारका चार आयामहरु **वाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास गर्न पाउने अधिकार, सहभागिताको अधिकार** सुनिश्चित गर्दै स्थानीय तहहरुमा संचालन हुने हरेक गतिविधिमा बालबालिकाको सहभागिता मार्फत अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकारका सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु अवलम्बन गरी बालमैत्री सूचकहरु अभिवृद्धि गर्ने र स्थानीय तहहरुमा बालमैत्री शासन प्रवर्द्धन तथा व्यवस्थापनमा सहयोग पुऱ्याइ बालमैत्री स्थानीय तह घोषणाका आधार तयार गर्न स्थानीय तहहरुसँग समन्वय गरी विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | स्थानीय तहहरुसँग समन्वय गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापनमा सहयोग गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट वाँडफाँट | प्रवर्द्धनात्मक सामग्री निर्माण, प्रचार प्रसार, छलफल तथा अन्तर्क्रिया, प्रतियोगितात्मक कार्यक्रम संचालन लगायतका व्यवस्थापन खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रमको विस्तृत अवधारणा पत्र तयारी<br>• स्थानीय तह, प्रहरी, विद्यालय लगायतका सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनौट<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको तयारी र सञ्चालन गर्ने,<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | स्थानीय तह समेतको समन्वयमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत अवधारणा पत्र<br>• कार्यक्रम संचालन सम्बन्धी विवरणहरु<br>• खर्चका बिल भर्पाई<br>• प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.९ जिल्ला बाल अधिकार समिति/जिल्ला बाल संजालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजरमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश अन्तर्गका ११ जिल्लामा गठित जिल्ला बाल अधिकार समिति/जिल्ला बाल संजालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण मार्फत बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | जिल्ला बाल अधिकार समिति र जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्वन्धी अभिमुखिकरण गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | वैठक भत्ता, दैनिक भ्रमण खर्च, स्टेशनरी लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका पदाधिकारीहरुसँग समन्वय तथा कार्यक्रम संचालनको प्रारुप तयार<br>• कार्यक्रम संचालनको प्रस्तावन तयारी<br>• कार्यक्रम संचालन हुने मिति र स्थान पहिचान<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | जिल्ला बाल अधिकार समिति र जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्वन्धी अभिमुखिकरण भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रमसँग सम्बन्धित कागजातहरु र<br>• खर्चका विल भर्पाईहरु<br>• मुख्य मुख्य फोटोहरु सहितको कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

## २.२.१० महिला, बाल, ज्येष्ठ नागरिक अपाङ्गता आदी दिवसीय कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | पहिलो,दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवसीय तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक जागरण तथा सचेतना अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | विभिन्न दिवसिय कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र स्वीकृती<br>• सरोकारवालाहरुसँग समन्वयात्मक वैठक तथा तयारी<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन<br>• समिक्षा तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | सामाजिक जागरण तथा सचेतना अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु संचालन भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपी,<br>• कार्यक्रम संचालनका कागजात विवरणहरु<br>• खर्चका विल भरपाईहरु र<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन, |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.२.११ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट प्रति हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, प्रर्वद्धन र अधिकारको सुनिश्चित गर्दै उनीहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन परिवार र समुदायमै सम्मानपूर्ण पुनर्स्थापना गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनर्स्थापनाका क्रियाकलापहरु संचालन गरी उनीहरुलाई विकासको मूल प्रवाहमा ल्याउन सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) प्रस्ताव आव्हान:<br>समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्न ईच्छुक स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत तथा गत आर्थिक वर्षमा सामाजिक विकास कार्यालयबाट CBR कार्यक्रम संचालनको लागि छनौटमा नपरेका संस्थाहरुबाट अनुसूची-१८ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने:-<br>• प्रस्ताव पेश गर्ने संस्थाले १० वटै प्रकारका अपाङ्गता भएका व्यक्ति वा तिनका परिवारका सदस्यहरुलाई समावेश गर्ने गरी सीपमूलक तालिम/कार्यक्रम तथा व्यवसाय/उद्यम संचालन बीउ पूँजी वितरण गर्ने कार्यक्रमहरु संचालनका लागि प्रस्ताव पेश गर्नुपर्नेछ,-<br>(ख) प्रस्ताव मूल्याङ्कन: प्राप्त प्रस्तावहरुको मूल्याङ्कनको लागि अनुसूची- १९ बमोजिमको अंकभारका आधारहरु अबलम्वन गरी संस्था छनौट गरिनेछ:<br>• रीतपूर्वक भरिएको कार्यक्रम प्रस्ताव,<br>• सम्बन्धित स्थानीय तहमा रहेका लक्षित अपाङ्गता भएका व्यक्तिहरुको संख्या, |

| | |
|---|---|
| | • सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,<br>• कार्यक्रम संचालनको अनुमानित रकम समेतको विस्तृत विवरण<br>• संस्था दर्ताको प्रमाणित प्रतिलिपि<br>• संस्थाको विधान, नविकरण, लेखापरीक्षण सम्बन्धी कागजातहरु<br>• राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशमा आवद्धताको प्रतिलिपि<br>• भौतिक पूर्वाधारको अवस्था<br>• संस्थामा जनशक्तिको अवस्था<br>• संस्थाको कार्यक्षेत्रकार्यावधि//कार्यानुभव<br>• संस्थाबाट प्रदान गर्दै आएका सेवाहरुको विवरण<br>• कार्यक्रम संचालनको कार्ययोजना<br>(ग) प्रस्तावको स्वीकृति<br>(घ) सम्वन्धित संस्थासंग सम्झौता<br>(ङ) कार्यक्रम सञ्चालनः कार्यालयले छनौट भएका अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थासँग प्रचलित कानुन बमोजिम प्रथम किस्ता निकासा<br>(च) कार्य प्रगतिका आधारमा बढिमा दुई किस्तामा रकम निकासा<br>(छ) अनुगमन |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालनका बिल भर्पाई<br>• कार्यक्रम छनौटसंग सम्वन्धित कागजातहरु<br>• अनुगमन प्रतिवेदन<br>• कार्यक्रमको फोटो समेतको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

**२.२.१२ सडक मानव पहिचान तथा व्यवस्थापनका लागि मानव सेवा आश्रम (बाग्लुङ/गोरखा/कास्की/ लमजुङ) लाई अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश वनाउनका लागि प्रदेश भित्र प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका मानव सेवा आश्रमहरुसँग समन्वय तथा सम्झौता गरी सडकमा रहने वेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्दै सोको उचित व्यवस्थापन मार्फत गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा पश्चात् सम्बन्धित संस्थाको लागि संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | सहयोगापेक्षी सडक आश्रित मानवमुक्त अभियानमा लागेका संस्थाहरुको व्यवस्थापकिय सुधार हुने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय कास्की/ बाग्लुङ/ गोरखा/ लमजुङ |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि लाग्ने खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित संस्थासँग देहायका कागजातहरु सहितको विवरण माग गर्ने<br>• कार्यक्रम संचालन अनुमानित लागत समेतको विस्तृत विवरण<br>• संस्था दर्ताको प्रमाणित प्रतिलिपि<br>• संस्थाको विधान, नविकरण, लेखापरीक्षण सम्बन्धी कागजातहरु<br>• समाज कल्याण परिषद्मा आवद्धताको प्रतिलिपि<br>• भौतिक पूर्वाधारको अवस्था<br>• संस्थामा जनशक्तिको अवस्था<br>• संस्थाको कार्यक्षेत्र/कार्यावधि/कार्यानुभव<br>• संस्थाबाट प्रदान गर्दै आएका सेवाहरुको विवरण<br>• कार्यक्रम संचालनको कार्ययोजना<br>• कार्यक्रम संचालनको उद्देश्य, औचित्य, संस्थाका कार्यहरु, उद्देश्य अनुरुपको कार्य गर्ने प्रतिवद्धता सहितको संस्थागत निर्णय<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>(ख) उल्लेखित कागजात समेतका आधारमा |

| | |
|---|---|
| | ➢ सम्बन्धित संस्थासँग सम्झौता<br>➢ आश्रममा आश्रितहरुको संख्याको आधारमा किस्तागत/महिनागत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी रकम उपलब्ध गराउने<br>➢ प्रतिवेदन  तयार गर्ने |
| ६. अपेक्षित प्रतिफल | सहयोगापेक्षी सडक आश्रित मानवको संरक्षणमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • निर्णय प्रतिलिपी<br>• संस्थासँग सम्झौता गरेको प्रतिलिपी<br>• कार्यक्रम सञ्चालनसँग सम्बन्धित कागजातहरु एवम् विल भरपाईहरु<br>• कार्यक्रमको प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तहहरु । |

**२.२.१३ स्थानीय तहसंगको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता (कावासोती न.पा./गोरखा न.पा./वेशीसहर न.पा./पुतलीबजार न.पा./ कुश्मा न.पा./बाग्लुङ न.पा./बेनी न.पा./व्यास न.पा.)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन अल्पकालीन आश्रय सहितको सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले यो कार्यक्रमलाई निरन्तरता दिन लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ➢ लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउने, <br>➢ हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय मार्फत सम्वन्धित स्थानीय तह |
| ४. बजेट बाँडफाँट | सेवा केन्द्रबाट सेवा प्रदान गर्दा प्रदेश सरकारबाट स्वीकृत हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ को परिधिभित्र रहेर खर्च गर्नुपर्नेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ मा तोकिए बमोजिमका क्रियाकलापहरु <br>• स्थानीय तह/सामाजिक विकास कार्यालय मार्फत सेवा केन्द्र संचालन भएका जिल्लाको हकमा हरेक त्रैमासिक रुपमा सेवा केन्द्र संचालन सम्बन्धमा खर्च भएका विल भर्पाई समेत संलग्न गरी सामाजिक विकास कार्यालयमा भुक्तानीको लागि पेश गर्ने । <br>• संस्था मार्फत सेवा केन्द्र संचालन भएका जिल्लाहरुमा खर्च भएका विल भर्पाइहरुको साथै सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न गरी सम्बन्धित संस्थाले हरेक त्रैमासिक रुपमा सामाजिक विकास कार्यालयमा भुक्तानीका लागि पेश गर्ने । <br>• सोका आधारमा कार्यालयले आवश्यकतानुसार अनुगमन गरी रकम भुक्तानी गर्ने । <br>(पीडित तथा प्रभावितहरुले कुनै सीपमूलक तालिम लिन चाहेमा पारिवारिक पुनर्स्थापना तथा पुनर्मिलन गर्नु अगावै निजको लागि |

| | |
|---|---|
| | पायक पर्ने गरी सीपमूलक तालिम संचालन गर्ने निकायहरुमा समन्वय गराइ दिने) |
| ६. अपेक्षित प्रतिफल | • सेवा केन्द्र संचालनमा आएको हुनेछ ।<br>• लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुले सामाजिक न्यायको प्रत्याभूति गरेका हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्वन्धी विवरणहरु<br>• खर्चका विल भरपाईहरु,<br>• अनुगमन प्रतिवेदन<br>• आर्थिक प्रशासन सञ्चालन निर्देशिका अनुसारका अन्य कागजातहरु।<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा सम्बन्धित स्थानीय तह |

### २.२.१४ एकल महिलाहरुको लागि नेतृत्व विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | एकल महिलाहरुको सशक्तीकरण क्षमता विकास तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागी आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा कमजोर वर्गका एकल महिलाको हकहित संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • एकल महिलाहरुको नेतृत्व एवं क्षमता अभिवृद्धि गरी संगठित गर्न सहयोग पुऱ्याउने ।<br>• पूर्व गठित संरचना समूहलाई सकृय गराउने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, तालिम/अन्तरकृया/ अभिमुखिकरण/गोष्ठी संचालन, प्रशिक्षक भत्ता, स्टेशनरी, व्यानर |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • एकल महिलाको क्षेत्रमा कार्यरत संस्था/एकल महिलाहरुसँग समन्वय वैठक<br>• कार्यक्रम संचालनको विस्तृत प्रस्तावना तयार<br>• सम्भव भएसम्म जिल्लाका सवै स्थानीय तहको प्रतिनिधित्व रहने गरी कार्यक्रमका सहभागी छनौट<br>• प्रशिक्षक,विषयवस्तु र कार्यक्रम संचालन गर्ने स्थान छनौट<br>• कार्यक्रम सञ्चालन<br>• खर्चको अनुमोदन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • एकल महिलाहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि भएको हुनेछ।<br>• एकल महिलाहरुलाई संगठित गर्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्वन्धी विवरणहरु<br>• खर्च भएका बिल भर्पाईहरु<br>• कार्यक्रम सञ्चालनका फोटो समेतको कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.१५ दलित महिलाहरुको लागि नेतृत्व विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | दलित महिलाहरुको सशक्तीकरण क्षमता विकास तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागी दलित महिलाको हकहित संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • दलित महिलाहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | तालिम संचालन तथा व्यवस्थापन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • दलित महिलाको क्षेत्रमा कार्यरत संस्था/दलित महिलाहरुसँग समन्वय वैठक<br>• कार्यक्रम संचालनको विस्तृत प्रस्तावना तयार<br>• सम्भव भएसम्म जिल्लाका सवै स्थानीय तहको प्रतिनिधित्व रहने गरी कार्यक्रमका सहभागी छनौट<br>• प्रशिक्षक तथा विषयवस्तु र कार्यक्रम संचालन गर्ने स्थान छनौट<br>• कार्यक्रम सञ्चालन<br>• खर्चको अनुमोदन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • दलित महिलाहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि भएको हुने ।<br>• समूह सक्रीय भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्वन्धी विवरण<br>• खर्च भएका बिल भर्पाईहरु<br>• कार्यक्रम सञ्चालनका फोटो समेतको कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

## २.२.१६ सडक मानव व्यवस्थापन उद्धार राहतका लागि सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानव मुक्त प्रदेश घोषणा गरिसकेको हुँदा उक्त कार्यक्रमलाई प्रभावकारी व्यवस्थापन तथा निरन्तरताको लागि ११ वटै जिल्लामा रहेका सहयोगापेक्षी सडक आश्रित व्यक्तिको उद्धार, संरक्षण र व्यवस्थापनको लागि मानव सेवा आश्रमहरुसँग समन्वय गरी सडकमा रहने वेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्नका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | सहयोगापेक्षी सडक मानव व्यवस्थापनमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, तालिम/अन्तरकृया/गोष्ठी/अभिमुखिकरण संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मानव सेवा आश्रम संचालन भईरहेका जिल्ला (लमजुङ, गोरखा र कास्की) का शाखा प्रमुखहरुसँग समन्वय (वैठक संचालन समेत)<br>• जिल्लाका विषयगत सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुँग समन्वय<br>• कार्यक्रम संचालनको विस्तृत प्रस्तावना तयार<br>• जिल्लाका सवै स्थानीय तहका सम्भव भएसम्म प्रमुख/उपप्रमुखको प्रतिनिधित्व रहने गरी कार्यक्रम संचालनको प्रारुप तयार<br>• कार्यक्रमका विषयवस्तु र स्थान छनौट<br>• कार्यक्रम सञ्चालन र खर्चको अनुमोदन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | सहयोगापेक्षी सडक मानव व्यवस्थापनमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्वन्धी विवरणहरु<br>• खर्च भएका बिल भर्पाईहरु<br>• कार्यक्रम सञ्चालनका फोटोहरु समेत कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.१७ किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम ९ जिल्ला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | किशोरीहरु माथि हुन सक्ने विभिन्न खालका हिंसाजन्य कार्यहरुको न्यूनिकरण गर्नका जीवनोपयोगी स्वास्थ्य र शारीरिक अभ्यास मार्फत आत्मरक्षा तालिम संचालन गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • किशोरीहरु माथि हुन सक्ने हिंसा विरुद्ध आत्मरक्षा सम्बन्धी तालिम प्रदान गर्नु।<br>• आत्मविश्वासयुक्त किशोरी तैयार गर्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन, स्टेशनरी, प्रशिक्षक खर्च, दैनिक भ्रमण तथा यातायात खर्च लगायत अन्य सामग्रीहरु व्यवस्थापन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • जिल्ला प्रहरी कार्यालयसँग समन्वय वैठक ।<br>• स्कूलमा आधारित स्थान छनौट<br>• तालिम संचालनको प्रारुप तयार ।<br>• तालिमका सहभागी,मिति तथा प्रशिक्षक र विषयवस्तु छनौट<br>• तालिम संचालन<br>• तालिम संचालन सम्बन्धी विस्तृत प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | किशोरीहरुमा आफू माथि हुन सक्ने हिंसा विरुद्ध प्रतिरक्षा गर्न सक्ने क्षमता विकास भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • तालिम संचालन सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• खर्चका विल भरपाईहरु,<br>• अनुगमन सम्बन्धी विवरणको प्रतिलिपि<br>• तालिम संचालन सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, जिल्ला प्रहरी कार्यालय तथा सामाजिक विकास कार्यालय |

### २.२.१८ जिल्ला बाल संजाल वैठक र जिल्ला बाल अधिकार समिति गठन तथा परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | पहिलो, दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश अन्तर्गका ११ जिल्लामा गठित जिल्ला बाल संजाल तथा जिल्ला बाल अधिकार समितिहरुको नियमित वैठक संचालन तथा परिचालन मार्फत बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • जिल्लास्तरीय बाल संजाल तथा जिल्ला बाल अधिकार समितिको वैठक संचालन गर्नु ।<br>• बालअधिकार प्रवर्द्धनमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका पदाधिकारीहरुसँग समन्वय<br>• वैठक संचालनको मिति र स्थान पहिचान<br>• नियमित वैठक संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | बालअधिकार संरक्षण र प्रबर्द्धनमा सघाउ पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सम्वन्धित कागजातहरु<br>• खर्चको विल भर्पाई<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

## २.२.१९ मिडियासँग सामाजिक विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सामाजिक विकास कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको वारेमा सरोकारवालाहरुमाझ जानकारी गराई सामाजिक विकास कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्नका लागी जिल्लास्तरमा संचालित विभिन्न मिडिया/रेडियोबाट कार्यक्रमको संकलन तथा प्रवाह गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास कार्यक्रमको प्रचार प्रसार गरी प्रभावकारीता कार्यान्वयन गर्नु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु<br>• मिडिया/रेडियो कार्यक्रमको लागि लाग्ने खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • स्थानीय मिडिया एवं रेडियोहरु समन्वय<br>• कार्यक्रम संचालनको प्रारुप एवं तालिका तयारी<br>• मिडिया/रेडियोसँग सम्झौता<br>• कार्यक्रम संचालन<br>• मूल्याङ्कन तथा पृष्ठपोषण<br>• प्रतिवेदन तयार |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकास कार्यक्रमको प्रचार प्रसार गरी प्रभावकारीता अभिवृद्धि भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी कागजातहरु<br>• सम्झौताको प्रतिलिपी<br>• खर्चका विल भरपाईहरु<br>• कार्यक्रम उत्पादन तथा प्रशारण गरेका आवश्यक विद्युतिय सामग्रीहरु<br>• विस्तृत विवरण तथा प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.२० महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्यले गण्डकी प्रदेश सरकारले आ.व.२०८०/०८१ को बजेटमा विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सहभागी हुन इच्छुक महिलाहरु का लागि बीस दिन (प्रति दिन ३ सेसनका दरले जम्मा ६० सेसन र एक सेसन भन्नाले १:३० घण्टाको हुनु पर्नेछ) को प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गर्ने गरी यो कार्यक्रम र बजेट व्यवस्था गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | लोकसेवा तयारी कक्षा संचालनको माध्यमबाट निश्चित योग्यता पुगेका महिलाहरुको सरकारी/ निजामती सेवा प्रवेशमा सशक्तिकरण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | तालिम कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी लगायतको खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **१. कार्यक्रमको लक्षित समूहः-** प्रतियोगितात्मक तयारी कक्षा संचालन गर्दा गण्डकी प्रदेशभित्रका सम्भव भएसम्म सवै जिल्लाका लोक सेवा तयारी कक्षामा सहभागी हुन चाहने तथा निश्चित योग्यता पुगेका महिलाहरु (बिशेषतः आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, मधेशी र यसभन्दा पहिला यस्तो अवसर नपाएका महिलाहरुलाई प्राथमिकतामा राखिनेछ) लाई सहभागी गराइनेछ ।<br>२.प्रशिक्षार्थीहरुलाई देहायको प्रशिक्षण गरिनेछ । |

| **तालिम संचालन हुने तह** | **जिल्ला** | **सहभागी सख्या** | **कैफियत** |
|---|---|---|---|
| अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितिय (सहायकस्तर चौथो) | मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाहरु | कुल जम्मा ३६० जना | खुला सूचना द्वारा सहभागी छनौट गरिने |

**३.**प्रशिक्षार्थीहरुको कोटा निर्धारण गर्दा तयारी कक्षालाई समावेशी वनाउन प्रयास गरिनेछ ।

***(नोट- उल्लेखित समूहले आफ्नो समूह प्रमाणित हुने कागजात पेश गर्नुपर्नेछ।)***

**४. कार्यक्रम कार्यान्वयन प्रकृयाः-**

क. **सूचना प्रकाशन गर्ने-** तयारी कक्षामा सहभागी हुन चाहने महिला सहभागीहरुको लागि अनुसूची - २० बमोजिमको ढाँचामा निवेदन

| | |
|---|---|
| | पेश गर्न सूचना प्रकाशन हुनेछ। उक्त सूचना सामाजिक विकास कार्यालयहरु मार्फत सार्वजनिक गरिनेछ।<br>ख. **विषयवस्तु निर्धारण सम्बन्धी व्यवस्थाः-** तयारी कक्षा संचालन सम्बन्धी विषयवस्तु लोकसेवा आयोगले स्थानीय तहको लागि निर्धारण गरेको पाठ्यक्रममा आधारित रही संचालन गरिनेछ।<br>**५.जिल्ला स्तरीय समिति गठन सम्बन्धी व्यवस्थाः-** तयारी कक्षा संचालन सम्बन्धी कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि सामाजिक विकास कार्यालयमा देहायको एक समिति गठन हुनेछ।<br>(क) संयोजक - प्रमुख, सामाजिक विकास कार्यालय<br>(ख) सदस्य - अधिकृत प्रतिनीधि, जिल्ला प्रसाशन कार्यालय<br>(ग) सदस्य- अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति<br>(घ) सदस्य - लेखा प्रमुख, सामाजिक विकास कार्यालय<br>(ङ) सदस्य-सचिव- सम्बन्धित शाखा प्रमुख/तोकिएको कर्मचारी<br>**समितिको काम कर्तव्य र अधिकारः-**<br>(क) तालिम प्रशिक्षार्थीहरु छनौट गर्ने (आवश्यकतानुसार सम्बन्धित जिल्लाका स्थानीय तहहरुसँग समन्वय गर्ने)।<br>(ख) तालिम प्रशिक्षकहरुको व्यवस्था गर्ने<br>(ग) तालिम संचालन अवधिभरका लागि आवश्यकतानुसार कर्मचारी तथा जनशक्ति व्यवस्थापन गर्ने ।<br>(घ) सहभागीहरुको निवेदन तोकिएको संख्या भन्दा धेरै भएमा अन्तर्वार्ताका माध्यमबाट उत्कृष्ट सहभागीहरु छनौट गर्ने।<br>(ङ) समितिले तालिम संचालनका अन्य व्यवस्थापन लगायतका कार्यहरुका लागि आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।<br>**६. कार्यक्रमका सहभागी तथा खर्च गर्ने आधारहरुः-**<br>यस कार्यक्रम कम्तिमा ४० जना महिला सहभागीहरुको लागि संचालन गरिने छ । साथै कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने आधारहरु अनुसूची-२१ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>**७.सहभागीहरुको योग्यता तथा उमेरको हदः-** प्रशिक्षार्थीहरुको योग्यता र उमेरको हद लोकसेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | महिलाहरुको सरकारी/निजामती सेवा प्रवेशमा जागरण गराई संख्यामा अभिवृद्धि भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी आवश्यक कागजातहरु र बिल भर्पाई<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

## २.२.२१ आपत्कालिन उद्धार कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | प्रथम, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा एवम् मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित लगायत जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्प संख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा पीडित तथा प्रभावितहरुको स्थलगत अनुगमन समेत गरी प्राप्त प्रतिवेदन समेतका आधारमा रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसाको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग गर्ने,<br>• हिंसा पीडित तथा प्रभावितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्ने,<br>• सीपमूलक तालिम प्राप्त लैंगिक हिंसा पीडित तथा जोखिममा रहेका व्यक्तिहरुलाई स्वरोजगारका लागि प्रोत्साहन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | समन्वय वैठक तथा अनुसूची-९ मा उल्लेखित मापदण्ड बमोजिम खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यालयको वेवसाइट/सूचना पाटी मार्फत सूचना प्रकाशन<br>• आपत्कालिन उद्धार कार्यका लागि देहायको समिति गठन गरिनेछ :<br>संयोजक- प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- अधिकृत प्रतिनिधि, जिल्ला स्वास्थ्य कार्यालय<br>सदस्य- अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति<br>सदस्य- प्रमुख, महिला तथा बालबालिका सेवा केन्द्र,जि.प्रहरी कार्यालय<br>सदस्य- जिल्ला सदरमुकाम स्थित स्थानीय तहले तोकेको कर्मचारी १ जना र समभव भए सम्म जनप्रतिनिधिको रोहवरमा गर्ने<br>सदस्य-सचिव- सम्वन्धित शाखा प्रमुख, सामाजिक विकास कार्यालय<br>• प्राप्त निवदेन उपर वैठक संचालन गरी निर्णय |

| | |
|---|---|
| | ● प्राप्त निवेदनका आधारमा अनुसूची-९ मा उल्लेखित मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।<br>● आवश्यक अन्य सेवा उपलव्ध गराउन सिफारिस गर्ने (मनोविमर्श परामर्श कानुनी सहायता अल्पकालीन र दीर्घकालीन संरक्षण)<br>● रकम उपलब्ध गराउने<br>● प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित प्रतिफल | हिंसा पीडित व्यक्तिलाई राहत तथा जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापना शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ● पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन<br>● पहिचान खुल्ने कागजात<br>● प्रहरी/स्थानीय तहको सिफारिस पत्र<br>● खर्च भएका विलभर्पाई<br>● सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.२२ आत्महत्या रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समाजमा हुने विभिन्न खालका गतिविधिहरु  वा व्यक्तिगत वा पारिवारिक लगायतका कारणले पछिल्लो समयमा समाजमा वढ्दै गइरहेको आत्महत्या वा आत्महत्या प्रयास जस्तो विकराल सामाजिक समस्या प्रति सचेतना अभिवृद्धि गर्दै घटनाहरुमा कमी ल्याउनको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | आत्महत्या रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन, प्रशिक्षक खर्च, दैनिक भ्रमण तथा यातायात तालिमका लागि अन्य आवश्यक सामग्रीहरु व्यवस्थापन । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवाला निकाय/संस्था-जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य संस्था, मनोसामाजिक परामर्शकर्ता/ मनोविमर्शकर्ता/ सामाजिक सस्थासँग समन्वय वैठक ।<br>• कार्यक्रम संचालनको प्रारुप तयार ।<br>• कार्यक्रमका सहभागी, स्थान, मिति र समय छनौट<br>• कार्यक्रमका प्रशिक्षक तथा विषयवस्तु छनौट<br>• कार्यक्रम संचालन र विस्तृत प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | आत्महत्या रोकथाम तथा न्यूनिकरणका लागि सचेतना अभिवृद्धिमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी विवरण<br>• खर्चका विल भरपाईहरु,<br>• अनुगमन प्रतिवेदन<br>• कार्यक्रम संचालन फोटो समेतको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय |

### २.२.२३ जिल्ला बाल सञ्जाल पुनर्गठन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७८ मा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि जिल्लास्तरमा गठित जिल्ला बाल सञ्जालको कार्यकाल सकिए पश्चात् नयाँ सञ्जाल गठन तथा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • जिल्ला बाल सञ्जालको पुनर्गठन गर्ने ।<br>• प्रदेश बाल परिषद्का लागि प्रतिनिधि छनौट गरी पठाउने ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी सम्वोधनमा मद्दत पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, यातायात, वैठक भत्ता, दैनिक भ्रमण खर्च, स्टेशनरी लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालयबाट स्वीकृत बालक्लव गठन तथा परिचालन मापदण्ड २०७८ बमोजिमका कार्यहरु गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य<br>• स्थानीय तहमा गठित स्थानीय बाल संजाल/क्लवबाट जिल्ला बाल सञ्जालको लागि बालबालिका छनौट गर्ने ।<br>• जिल्ला बाल सञ्जाल पुनर्गठनको लागि स्थान, मिति र समय तय<br>• छनौट भएका बालबालिकाहरुको भेला ।<br>• जिल्ला बाल सञ्जाल पुनर्गठन तथा अभिमुखिकरण<br>• भेलाले प्रदेश बाल परिषद्मा प्रतिनिधित्व गर्नको लागि बाल बालिकाहरुको छनौट गरि मन्त्रालयलाई सिफारिस गर्ने।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • जिल्ला बाल सञ्जालको पुनर्गठन भएको हुनेछ ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्वन्धी कागजातहरु<br>• खर्चका बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय र सामाजिक विकास कार्यालयहरु |

### २.२.२४ बाल हेल्पलाइन कास्कीलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जिल्ला | स्विकृत वजेट र कार्यक्रम वमोजिम | | प्रथम, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरु व्यवस्थापनमा चौविसै घण्टा सुरक्षा कवचको रुपमा रही आपत्कालिन/आकस्मिक उद्धार एवं संरक्षणका लागि काम गर्ने बाल हेल्पलाइन कास्कीको संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | बालहेल्पलाइन कास्कीको मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरुमा सहयोग पु-याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास कार्यालय कास्की |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थान खर्च, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित संस्थासँग देहायका विवरणहरु माग गर्ने<br>• संचालन गर्ने कार्यक्रमको अनुमानित रकम समेत खुल्ने विस्तृत विवरण<br>• संस्था दर्ता/नविकरण पत्र र विधानकोको प्रतिलिपि<br>• गत वर्षको प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन<br>• समाज कल्याण परिषद्मा आवद्धताको प्रतिलिपि<br>• संस्थाको भौतिक पूर्वाधार र जनशक्तिको अवस्था<br>• संस्थाको कार्यक्षेत्र/कार्यावधि/कार्यानुभव<br>• संस्थाबाट प्रदान गर्दै आएका सेवाहरुको विवरण<br>• कार्यक्रम संचालनको कार्ययोजना<br>• कार्यक्रम संचालनको उद्देश्य, औचित्य, संस्थाका कार्यहरु, उद्देश्य अनुरुपको कार्य गर्ने प्रतिवद्धता सहितको संस्थागत निर्णय<br>• सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयको सिफारिस पत्र<br>(ख) उल्लेखित कागजात समेतका आधारमा<br>➢ सम्बन्धित संस्थासँग सम्झौता<br>➢ नियमानुसारको प्रथम किस्ता रकम उपलब्ध गराउने |

| | |
|---|---|
| | ➢ अनुगमन तथा मूल्याङ्कन गरी कार्य प्रगतिका आधारमा आवश्यक कागजातहरु समावेश गरी दोस्रो किस्ता रकम उपलब्ध गराउने<br>(ग) प्रतिवेदन तयार गर्ने |
| ६. अपेक्षित प्रतिफल | बाल हेल्पलाइन कास्कीको प्रभावकारी संचालनको माध्यमबाट सेवा प्रवाह थप प्रभावकारी भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• बिल भर्पाई<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय तथा सामाजिक विकास कार्यालय कास्की |

**अनुसूचीहरु**

**अनुसूची-१: ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरुको सञ्चालन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावको ढाँचा**

